
# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक ४९ | काठमाडौं | सोमबार, २८ जेठ २०८१ | Prabhab National Daily | Monday, June 10, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

दैलेखको आठबिस नगरपालिका–४ खिड्कीज्युला र अछामको पञ्चदेवल नगरपालिका जोड्ने कर्णाली नदीमाथिको झोलुंगे पुलको लठ्ठा चुँडिदा फसेका खच्चडहरू । आइतबार बिहान पुलको छेउको जालीमा फसेका खच्चडहरूको उद्धार गरिएको छ । (विस्तृत समाचार पृष्ठ ५ मा) *तस्बिरः सुरेश आचार्य/रासस*

तस्करीको ६१ किलो सुनकाण्ड

# तस्करसँग 'पे वेल' र 'सजिलो पे' को कनेक्सन

- पक्राउ परेका ६ जनामाथि थप अनुसन्धानका लागि अदालतको अनुमति
- सुनसँगै यी दुई कम्पनीबाट हुण्डी र क्रिप्टोको पनि कारोबार भएको खुलासा
- सुन तस्करीमा संलग्न रहेका आरोपीहरूको करिब तीन अर्ब रूपैयाँको कारोबार
- राष्ट्र बैंकले रोक्का गऱ्यो दुवै कम्पनीका बैंक खाता

■ जेबी योञ्जन

**काठमाडौं–** बहुचर्चित ६१ किलो तस्करीको सुनबारे दोस्रो चरणको अनुसन्धान गर्ने क्रममा 'पे वेल' र 'सजिलो पे'बाट रकम भुक्तानी भएको खुलेपछि पक्राउ परेका छ जनामाथि थप अनुसन्धानका लागि अदालतले अनुमति दिएको छ ।

'पे वेल' र 'सजिलो पे' दुवै डिजिटल भुक्तानी प्रदायक कम्पनी हुन् । यी कम्पनीहरूमार्फत तस्करहरूले रकम भुक्तानी गरेको नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले तथ्य फेला पारेपछि शुक्रबार भीमप्रसाद तिमिल्सना, प्रज्वल आचार्य, सुरज जबरा, सुशील बञ्जारा, काश्यव मानन्धर र अथुकछाक खम्पालाई पक्राउ गरेको थियो । पक्राउ परेकामध्ये खम्पा स्वास्थ्यमा समस्या देखिएपछि मेट्रो अस्पतालमा भर्ना भएका छन् । बाँकी न्यायिक हिरासतमा छन् । उनीहरू यी दुई कम्पनीमा कार्यरत हुन् ।

तस्करहरूले ६१ किलो सुन खरिदका लागि यी कम्पनीहरूको दुरूपयोग गरेको पाइएको सिआइबी प्रमुख श्यामलाल ज्ञवालीले बताए । 'पहिलो चरणको अनुसन्धान पहिल्यै सकेर बुझाएको प्रतिवेदनका आधारमा सरकारी वकिल कार्यालयले जिल्ला अदालत काठमाडौंबाट मुद्दा दर्ता गरेर अघि बढिसक्यो र दोस्रो चरणको अनुसन्धानमा हामी छौं,' उनले प्रभावसँग भने, 'यही क्रममा दुईवटा डिजिटल कम्पनीको पनि ६१ किलो सुन तस्करीसँग कनेक्सन भएको पाइयो । जसबारे अनुसन्धान जारी छ ।'

सुनसँगै यी दुई कम्पनीबाट अवैध हुण्डी र क्रिप्टोको कारोबार पनि भएको पाइएको सिआइबीले जनाएको छ । सिआइबीका अनुसार यी दुई कम्पनीमा सुन तस्करीमा संलग्न रहेका आरोपीहरूको करिब तीन अर्ब रूपैयाँको कारोबार देखिएको छ ।




कमिसन लिएर सुन तस्करीको काम गर्नेहरूलाई यी दुई कम्पनीमार्फत गिरोहले भुक्तानी दिने गरेको खुलेको पनि ज्ञवालीले बताए । यसक्रममा सिआइबीले थप अनुसन्धानका लागि राष्ट्र बैंकको सहयोग लिएको छ । राष्ट्र बैंकले यी कम्पनीमा रहेका खाता अनिश्चितकालका लागि यही २१ जेठमा रोक्का राखेको छ । अनुसन्धान पनि अगाडि बढाएको छ । कम्पनीबाट भएका कारोबारहरू नियामकीय अनुपालनसम्बन्धी छानबिनको क्रममा रहेको राष्ट्र बैंकले जनाएको छ । यी दुई कम्पनीबाट बैंकिङ प्रणालीमा रकम जाने गरेको देखिएको छ ।

गत वर्षको ३ साउनमा चिनियाँ गिरोहले हङकङबाट मोटरसाइकलको ब्रेकप्याड (ब्रेक सु) मा लुकाएर ल्याएको ६० किलो ७०० ग्राम सुन राजस्व अनुसन्धान विभागले बरामद गरेको थियो । प्रारम्भिक अनुसन्धान विभागबाटै भएको थियो । पछि भने विभागले अनुसन्धानका लागि सहयोग आवश्यक परेको भन्दै सिआइबीलाई अनुसन्धानको जिम्मा दिएको थियो । जतिबेला सिआइबी प्रमुख किरण बज्राचार्य थिइन् ।

बज्राचार्य नेतृत्वको सिआइबीले तस्करीको ६१ किलो सुनबारे पहिलो चरणको अनुसन्धान सकेर बुझाएको प्रतिवेदनका आधारमा सरकारी वकिल कार्यालयले ३१ भदौमा जिल्ला अदालत काठमाडौंमा २९ जनाविरुद्ध अभियोगपत्र दायर गरेको थियो । आरोपीहरूमध्ये केही पुर्पक्षका लागि थुनामा छन् । केही धरौटीमा रिहा भए ।

सबै आरोपितमाथि सुन तस्करी गरेकोमा तीन अर्ब ५० करोड दुई लाख रूपैयाँ, स्कुटरको ब्रेक सुको भन्सारसमेत जोडेर थप २८ लाख ७५ हजार रूपैयाँ गरी कूल बिगो तीन अर्ब ५० करोड ३० लाख रूपैयाँ रहेको अभियोगपत्रमा उल्लेख छ ।

प्रहरीले आरोपितमाथि बरामद भएकोबाहेक अरू सुन पनि तस्करी गरेको आरोप लगाएको छ । आरोपपत्रअनुसार उनीहरूले ३६२ किलो ७७८ ग्राम सुन तस्करी गरेका छन् । आरोपीहरूविरुद्ध अवैध सुन चोरी पैठारी, संगठित अपराध, नागरिकता ऐन, राहदानी ऐन, अध्यागमन ऐनअन्तर्गतको कसुरका साथै एकसाथ यी अपराध गरेकाले एकीकृत कसुरतर्फ थप सजाय मागदाबी भएको छ । एकीकृत कसुर पुष्टि भएमा सबैभन्दा बढी सजाय हुने कसुरमा थप आधा सजायसमेत जोडिन्छ ।

तर, सिआइबीको अनुसन्धानमाथि प्रश्न उठेको थियो । यसपछि सरकारले जाँचबुझ आयोग गठन गऱ्यो । जसले अनुसन्धानमा लापरबाही भएको भन्दै विभिन्न व्यक्तिहरूमाथि थप अनुसन्धान गर्न राय दिएको थियो । त्यसमध्येमै परिन् बज्राचार्य पनि ।

(क्रमशः पृष्ठ २ मा)

# सत्ता जोगाउन मुख्यमन्त्री पाण्डेलाई सकस

## आज विश्वासको मत लिँदै

■ प्रभाव संवाददाता



- विश्वासको मत नपाए मुख्यमन्त्रीबाट सुरेन्द्रराज पाण्डे पदच्युत हुने
- विश्वासको मत दिन एमालेसँग याचना

**काठमाडौं–** गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले आज विश्वासको मत लिँदै छन् । आज बिहानसम्ममा राजनीतिक उथलपुथल भएमात्रै उनले विश्वासको मत पाउन सक्छन् । नभए उनी विश्वासको मत नपाएर सत्ताच्युत हुने अवस्थामा छन् । विश्वासको मतका लागि दिउँसो प्रदेशसभा बैठक बस्दै छ ।

बैठक बस्नुअघि मुख्यमन्त्री पाण्डेले पत्र लेख्दै नेकपा एमालेसँग सहयोगको याचना गरेका छन् । संसद् टिकाउन भए पनि विश्वासको मत दिन एमालेलाई पाण्डेको आग्रह छ ।

नेपालको संविधान र प्रदेशसभा नियमावली, २०८० ले व्यवस्था गरेबमोजिम आफूले २०८१ जेठ (क्रमशः पृष्ठ २ मा)

सन्दर्भः वैदेशिक रोजगार

# अन्तर्राष्ट्रिय श्रम सम्मेलनलाई राष्ट्रपति पौडेलले सम्बोधन गर्ने



■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रपति रामचन्द्र पौडेलले जेनेभामा भइरहेको अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ) को ११२औं अन्तर्राष्ट्रिय श्रम सम्मेलन (आइएलसी)लाई सम्बोधन गर्ने भएका छन् । 'सामाजिक न्यायका लागि विश्वव्यापी गठबन्धन'को उद्घाटन सत्रको समारोहमा सहभागी हुन राष्ट्रपति पौडेल मंगलबार अपराह्न स्वीट्जरल्याण्डको जेनेभा जाँदै छन् ।

राष्ट्रपति पौडेलबाट उद्घाटन सत्रलाई बिहीबार सम्बोधन हुने कार्यतालिका रहेको परराष्ट्र मन्त्रालयले जनाएको छ । सम्बोधनका क्रममा पौडेलले विश्वको साझा चुनौती, दिगो समावेशी आर्थिक विकास, गरिबी निवारण, रोजगारी सिर्जना र वातावरण परिवर्तनबाट परेको असरको न्यूनीकरण आदिमा जोड दिने बताइएको छ । सम्मेलनमा सहभागी भएपश्चात् जेठ ३० गते पौडेलले आफ्नो समकक्षी स्वीट्जरल्याण्डका राष्ट्रपति भायोला एमहेर्डसँग भेटवार्ता गर्ने कार्यक्रम तय भएको पराराष्ट्रले जनाएको छ । जेनेभाबाट राष्ट्रपति पौडेल असार १ गते बर्लिन जाने र ३ गते जर्मनीका राष्ट्रपति फ्रयांक वाल्टर स्टिनमियरसँग द्विपक्षीय भेटवार्ता गर्ने कार्यक्रम छ । राष्ट्रपति पौडेल असार ५ गते स्वदेश फर्किने कार्यक्रम रहेको मन्त्रालयले जनाएको छ ।

त्यसैगरी अन्तर्राष्ट्रिय श्रम सम्मेलनमा भाग लिन श्रम रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोलप्रसाद अर्याल आइतबार नै जेनेभा प्रस्थान गरेका छन् । मन्त्री अर्यालले जेठ ३० गते अर्थात् जुन १२ मा आइएलसीको पूर्ण बैठकलाई सम्बोधन गर्ने बताइएको छ । मन्त्री अर्यालले मंगलबार मलेसियाका मानव संसाधनमन्त्री ची क्योङ सिम र कतारका श्रममन्त्री अलि समिख अल मारीसँग दुईपक्षीय भेट गर्ने कार्यक्रम रहेको छ । त्यस्तै १४ जुनमा कोरियाका रोजगार तथा श्रममन्त्री जङ सिक लीसँग दुईपक्षीय भेट गर्ने श्रम मन्त्रालयले जनाएको छ ।

अन्तर्राष्ट्रिय श्रम सम्मेलनमा आइएलओका १८७ सदस्य राष्ट्रका प्रतिनिधिले सहभागिता जनाएका छन् । सरकार, रोजगारदाता र श्रमिकका प्रतिनिधिले सम्मेलनमा सहभागिता जनाउने छन् । सम्मेलनमा अन्तर्राष्ट्रिय श्रम बजारमा देखिएको समस्या र समाधानको प्रयास, दीर्घकालीन रूपमा श्रमले प्रभाव पार्नेसम्बन्धी अन्तर्राष्ट्रिय श्रमको मापदण्ड, जैविक खतराविरुद्ध सुरक्षा, कार्यस्थलमा मौलिक सिद्धान्त र मानवअधिकारको रणनीति, विश्वव्यापीरूपमा मर्यादित र सुरक्षित श्रम तथा हेरचाह, र बढ्दो आप्रवसन श्रमसम्बन्धी छलफल भइरहेको बताइन्छ । यही जुन ३ बाट सुरु भएको सम्मेलन जुन १४ मा समापन हुने छ ।

इजरायली राजदूत गोडरले भने–

# विपीनको रिहाइको पहल जारी छ



**महेन्द्रनगर (कञ्चनपुर)–** नेपालका लागि इजरायली राजदूत हनान गोडरले हमासको कब्जामा रहेका नेपाली विद्यार्थी विपीन जोशीको रिहाइका लागि इजरायल सरकार लागिपरेको बताएका छन् । आइतबार साँझ कञ्चनपुरको महेन्द्रनगरस्थित विपीनको घरमा पुगेको गोडर नेतृत्वको टोलीले जोशीको पारिवारिक अवस्थाबारे जानकारी लिएको थियो । सो अवसरमा राजदूत गोडारले विपीनलाई इजरायली नागरिकसरह सम्झेर खोजी जारी राखेको बताएका थिए ।

'विपीनले घटनाका बेला धेरैको ज्यान बचाएर आफू हमासको कब्जामा परे,' उनले भने, 'यस विषयमा इजरायल सरकार सक्रिय भएर खोजीमा जुटेको छ ।' विपीनका भाइ नाता पर्ने किशोर जोशीले राजदूत गोडरसँग जोशीको परिवारले रिहाइका लागि पहल गरिदिन र उनको अवस्थाबारेमा जानकारी मागेको बताए । 'राजदूतले खोजी जारी राखेका छौं, ढुक्क हुनुहोस् भने,' जोशीले भने, 'उनले परिवारका हामी सदस्यसँग भेटघाटका लागि यहाँ आउनुभएको रहेछ ।'

जोशीले आठ महिनाभन्दा बढी समय बितिसक्दा पनि विपीनको अवस्थाबारे जानकारी हुन नसक्दा परिवार तनावग्रस्त रहेको बताए । राजदूत गोडरसँगै सुदूरपश्चिम विश्वविद्यालयका उपकुलपति प्रा.डा. हेमराज पन्तसहित विश्वविद्यालयका अन्य पदाधीकारीहरू सहभागी थिए ।

(क्रमशः पृष्ठ २ मा)




पृष्ठ १ बाट क्रमशः

## तस्करसँग "पे वेल"...

दोस्रोपटक गृहमन्त्री भएपछि रवि लामिछानेले सिआइबीमा ज्ञवालीलाई पठाएपछि अहिले तस्करीको सुनबारे दोस्रो चरणको अनुसन्धान भइरहेको हो । सोही क्रममा तस्करहरूले कमिसनका लागि 'पे वेल' र 'सजिलो पे'को दुरूपयोग गरेको खुलेको हो । यसअघि नै सोही सुनकाण्डमा १० जना पक्राउ परिसकेका छन् । उनीहरू सिआइबीको हिरासतमा छन् । काभ्रेको तेमाल गाउँपालिका-४ का ४५ वर्षीय कान्छामान लामा, वीरगञ्ज महानगरपालिका-११ घर भएका ५२ वर्षीय सुरेन्द्रमान श्रेष्ठ, भारत घर भई ललितपुर बस्ने २२ वर्षीय प्रशान्त गणेश बजवलकर, भारत महाराष्ट्र घर भई न्युरोड बस्ने सिद्धनाथ अशोक गायकवाड 'सिद्धार्थ' र भारत नै घर भई न्युरोड बस्ने धीरज निदेश बैटे सिआइबीको हिरासतमा छन् ।

धादिङको सिद्धलेक गाउँपालिकाका प्रेमनाथ सेडाईं, भक्तपुर सूर्यविनायकका राजु खत्री, उदयपुरको त्रियुगा नगरपालिकाकी उषा खत्री निरौला, गोरखाको बारपाक सुलिकोट गाउँपालिका-५ का १८ वर्षीय सायरी विक र बौद्ध बस्ने तिब्बती नागरिक गंगा टासीलाई पनि सिआइबीले पक्राउ गरेर अनुसन्धान गरिरहेको छ । उनीहरू पहिलो चरणको अनुसन्धानबाट उम्किएका थिए । दोस्रो चरणको अनुसन्धानको क्रममा पक्राउ परेका हुन् । उनीहरूमाथि भन्सार चोरी पैठारी तथा संगठित अपराधमा अनुसन्धान गरिरहेको छ ।

■■■

## सत्ता जोगाउन...

२८ गते दिनको ३ बजे बस्ने प्रदेशसभा बैठकमा विश्वासको मतका लागि प्रस्ताव पेस गर्न लागेको मुख्यमन्त्री पाण्डेको पत्रमा भनिएको छ । उनले पत्रमार्फत भनेका छन्, 'स्थायित्व र जनआकांक्षाअनुरूप प्रदेशको समग्र विकास तथा उन्नति हामी राजनीतिक दलबीचको सहकार्य र समन्वयबाट मात्रै सम्भव छ ।'

राजनीतिक दलबीचको सहकार्यबाट स्थिर सरकार निर्माण गरी प्रदेशलाई दिगो विकासको दिशामा अगाडि बढाउन आफूलाई विश्वासको मत दिनुपर्ने पनि उनको तर्क छ । उक्त पत्र प्रदेशसभामा कांग्रेसका प्रमुख सचेतक नन्दप्रसाद न्यौपानेले एमालेका मुख्य सचेतक गोविन्द नेपालीलाई आइतबार हस्तान्तरण गरेका छन् । नेपालीले भने केन्द्रीय गठबन्धनअनुसार एमाले अघि बढ्ने बताए । उनले कांग्रेसका मुख्यमन्त्री पाण्डेलाई कुनै पनि हालतमा विश्वासको मत दिन नसकिने उल्लेख गरे । 'मुख्यमन्त्रीजीले विश्वासको मत माग्नुभएको छ । त्यो स्वाभाविक नै हो तर हामी दिँदैनौं,' उनले भने प्रभावसँग भने, 'हामी केन्द्रीय गठबन्धनबाट अलग भएर निर्णय लिँदैनौं ।'

उनी दोस्रोपटक यही १६ जेठमा मुख्यमन्त्री नियुक्त भएका थिए । संविधानको धारा १६८ को उपधारा ३ बमोजिम प्रदेश संसद्मा सबैभन्दा धेरै सदस्य भएका दलको नेताको हैसियतमा उनी मुख्यमन्त्री नियुक्त भएका हुन् ।

यसअघि संविधानको धारा १६८ को उपधारा २ बमोजिम नियुक्त एमाले संसदीय दलका नेता खगराज अधिकारीले लिएको विश्वासको मतलाई जेठ १४ मा सर्वोच्च अदालतले असंवैधानिक ठहर गरेको थियो । सर्वोच्चका न्यायाधीशद्वय कुमार रेग्मी र सुनीलकुमार पोखरेलको संयुक्त इजलासले कांग्रेस संसदीय दलका नेता पाण्डेलाई ४८ घण्टाभित्र संविधानको धारा १६८ को उपधारा ३ बमोजिम मुख्यमन्त्री नियुक्त गर्न आदेश दिएको थियो । जुन अल्पमतको सरकार हो । यसरी नियुक्त मुख्यमन्त्री पाण्डेले ३० दिनभित्र विश्वासको मत लिनुपर्छ । तर, उनले त्यसअघि नै विश्वासको मत लिन लागेका हुन् । उनी पहिलोपटक नेकपा माओवादी केन्द्रको समर्थनमा मुख्यमन्त्री बनेका थिए । तर, केन्द्रमा सत्ता समीकरण फेरबदल भएसँगै माओवादीले समर्थन फिर्ता लिएपछि पाण्डे सरकार अल्पमतमा परेको थियो । त्यसपछि भने प्रदेशसभामा विश्वासको मत पाउने अवस्था नदेखेपछि उनले राजीनामा दिएका थिए । गत चैत २५ मा माओवादीको समर्थनमा एमालेका अधिकारी मुख्यमन्त्री बनेका थिए ।

६० सदस्यीय प्रदेश संसद्मा प्रदेश सभामुख कृष्णप्रसाद धितालले ३० सांसदको समर्थनलाई नै बहुमत घोषणा गरेका थिए । जसआधारमा उनले विश्वासको मत पाएको घोषणासमेत गरेका थिए । संसद्मै कांग्रेसले हंगामा मच्चाएको थियो । उसले कानुनी चुनौती दिने चेतावनी दिएको थियो । नभन्दै पाण्डे सर्वोच्च गए । अन्ततः अधिकारीले पाएको भनिएको विश्वासको मत सर्वोच्चबाट अवैध ठहर भयो । यसपछि विश्वासको मत बदर गर्दै मुख्यमन्त्रीमा पाण्डेलाई नै नियुक्त गर्न सर्वोच्चले आदेश दिएको हो । सोहीअनुसार मुख्यमन्त्री नियुक्त पाण्डेलाई यतिबेला भने विश्वासको मत पाउन हम्मेहम्मे छ । प्रदेश संसद्मा कांग्रेसका २७, एमालेका २२, माओवादीका सभामुखसहित आठ, राप्रपाका दुई र एक जना स्वतन्त्र सांसद छन् । पाण्डेलाई राप्रपाका दुई सांसदले विश्वासको मत दिए पनि सरकार टिक्ने अवस्था छैन । कतिपयले भने गण्डकी प्रदेश मध्यावधि चुनावको डिलमा पुगेको विश्लेषण गर्न थालेका छन् । यदि, मुख्यमन्त्री पाण्डेले विश्वासको मत नपाए संविधानको धारा १६८ को उपधारा ५ अनुसार सरकार बन्ने छ ।

■■■

## विपीनको रिहाइको...

इजरायलमा गत वर्ष असोज २० गते हमासले गरेको आक्रमणका बेला हराएका नेपाली विद्यार्थी विपीन हमासककै नियन्त्रणमा रहेको बताइएको छ । हमासको उक्त आक्रमणमा परेर दक्षिणी इजरायलको गाजासँग सीमा जोडिएको कृषि फार्ममा कार्यरत १० जना नेपाली विद्यार्थीको ज्यान गएको थियो भने चार जना घाइते भएका थिए ।

# प्रधानमन्त्री दाहाल भारतीय प्रधानमन्त्री मोदीको शपथ समारोहमा



**काठमाडौं (प्रस)–** प्रधानमन्त्री पुष्पकमल दाहाल भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको शपथ ग्रहण समारोहमा सहभागी भएका छन् । प्रधानमन्त्री दाहाल भारतीय राष्ट्रपति भवनको प्रांगणमा आइतबार साँझ आयोजित विशेष समारोहमा सहभागी भएका नयाँदिल्लीस्थित नेपाली राजदूतावासले जनाएको छ ।

प्रधानमन्त्री मोदीलाई तेस्रो कार्यकालका लागि राष्ट्रपति द्रौपदी मुर्मुले पद तथा गोपनीयताको शपथ गराएकी हुन् । शपथ ग्रहण समारोहमा नेपालका प्रधानमन्त्री दाहाल, श्रीलंकाका राष्ट्रपति रणील विक्रमासिंघे, मालदिभ्सका राष्ट्रपति मोहम्मद मुइज्जु, बंगलादेशका प्रधानमन्त्री शेख हसिना, भुटानका प्रधानमन्त्री छिरिङ तोब्गे, मौरिससका प्रधानमन्त्री प्रविन्द जुग्नौथलगायत विशिष्ट अतिथी उपस्थित थिए । यसैगरी समारोहमा भारतका विभिन्न राजनीतिक दलका नेता तथा लब्धप्रतिष्ठित व्यक्तिहरूको सहभागिता थियो । सोही समारोहमा भारतका नवनियुक्त मन्त्रीहरूले समेत पद तथा गोपनीयताको शपथ लिएका थिए ।

प्रधानमन्त्री दाहाल शपथ ग्रहण समारोहमा सहभागी हुन आइतबार दिउँसो नयाँदिल्ली प्रस्थान गरेका थिए । प्रधानमन्त्री दाहालका साथमा उनकी सुपुत्री गंगा दाहाल, कानुन, न्याय तथा संसदीय मामिलामन्त्री पदम गिरी, परराष्ट्रसचिव सेवा लम्सालगायत उच्चपदस्थ सरकारी अधिकारी पनि छन् । प्रधानमन्त्री दाहाल आज स्वदेश फर्कने कार्यक्रम छ ।

प्रधानमन्त्री दाहालले भ्रमणका अवसरमा भारतीय समकक्षी मोदीसँग भेटवार्ता गर्ने कार्यक्रम रहेको नयाँदिल्लीस्थित नेपाली राजदूतावासले जनाएको छ ।


### निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित २०८१/०२/२८ गते)

मिन बहादुर श्रेष्ठको नाति, अमिर बहादुर श्रेष्ठको छोरा, भक्तपुर जिल्ला, भक्तपुर महानगरपालिका, वडा नं. ०५ यन्छे बस्ने रमेश श्रेष्ठको मिति २०८१/०१/११ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको बानेश्वर शाखामा रहेको बचत खाताको खाता नं. ०१८०२९४६०६८००००१ मा रहेको मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निजका पत्नी महेश्वरी पलाञ्चोकेले यस बैंकको बानेश्वर शाखा कार्यालयमा दावी गर्नुभएको हुँदा, उक्त निक्षेप उपर दावीकर्ता बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागजसहित यस बैंकको शाखा कार्यालय बानेश्वर, काठमाण्डौमा हकदावी गर्न आउनुहोला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगी परेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
शाखा कार्यालय बानेश्वर, काठमाण्डौ फोन नं. ०१-४५९९३२२/४५६२६०१

### तु-आवश्यकता

यस म्यानपावर कम्पनीको लागि निम्न कर्मचारी आवश्यकता परेकाले योग्य व्यक्तिहरुबाट आफ्नो बायोडाटासहित यथासिघ्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।

1. Business Development Manager (International)-1 (F)
2. Receptionist-1 (F)
3. Admin Secretary- 1 (F)

**Qualification: For Develpment Manager:** must have minimum experience of abroad marketing, business develpment & promotion for atleast of 2 to 4 years, **bachelor degree in Marketing,** सम्बन्धित क्षेत्रमा २ देखि ४ वर्षको अनुभवी, अंग्रेजी राम्रोसँग बोल्न लेख्न सक्ने, कम्प्युटरको ज्ञान हुनुपर्ने छ ।

**तलब: आपसी समझदारीमा**

CENTRAL CAPITAL SERVICES PVT.LTD. श्रम ईजाजत नं. ५७४/०६२/०६३
Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
E-mail : md@centralcapitalservices.com, Web : www.centralcapitalservices.com

### तु-आवश्यकता

यस कम्पनीका लागि निम्न कर्मचारी आवश्यकता परेकाले योग्य व्यक्तिहरुबाट आफ्नो बायोडाटासहित यथासिघ्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।

1. Accountant-1 (M)

नोटः +2 Passed, अंग्रेजी राम्रोसँग बोल्न लेख्न सक्ने, कम्प्युटरको ज्ञान, बाइकको लाइसन्स भएको हुनुपर्ने छ ।

**तलबः आपसी समझदारीमा**

TESLA OVERSEAS PVT.LTD. Govt. License 1638/080/81
Sinamangal 9, Kathmandu, Nepal, Tel: 01-5920966, 5920965, Mob: 9802353778, 9802353777
Email: info.teslaoverseas@gmail.com, Web: www.teslaoverseas.com.np

### नेपाल सरकार
### भूमी व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय भूमि व्यवस्थापन तथा अभिलेख विभाग
### मालपोत कार्यालय उदयपुर

गाईघाट, (बोक्से) फोन नं. ०३५-४२०१३६, ४२०२०१
E–mail: udayapur@dolma.gov

**मालपोत कार्यालय उदयपुर गाईघाट बोक्सेबाट प्रकाशित भएको नामसारी हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना**

जिल्ला उदयपुर साविक हडिया वडा न. ७ हाल परिवर्तित चौदण्डीगढी न.पा. १० वस्ने गोमा कटुवाल राउत समेत ३ जनाले हाम्रो बुवा/पति निर बहादुर राउतको मिति २०८०/११/०३ मा मृत्यु भएको भने आमा/सौता चन्द्रीमाया राउत मिति २०६४ बाट वेपत्ता भई हालसम्म सम्पर्कमा नआएको हुँदा निजहरुको नाममा दर्ता कायम रहेको गा.वि.स. हडिया वडा न. ७ख कि.न. १४१ को ०-३-११, ७ग कि.न. १२१ को ०-०-२, ९क कि.न. ३१३ को ०-१-१०, ७घ कि.न. १८५ को ०-२-० र ७ग कि.न. ३२८ को ०-१-१३ का जग्गाहरु हामी नजिकका हकदारहरु ३ छोराहरु र निर बहादुर राउतको कान्छि श्रीमति गोमा कटुवाल राउत रहेकोमा निज जेठा छोरा डिल्ली बहादुर राउतले मिति २०७०/०१/२७ र.न. २००१ख मा अंश भर्पाईबाट अंश बुझिसकेको हुँदा हामी छोराहरु हरि बहादुर राउत र धन बहादुर राउत र गोमा कटुवाल राउतको नाममा नामसारी गरिदिनु भनि माग निवेदन गरेको हुँदा ज.ध. चन्द्रीमाया राउत मिति २०६४ सालदेखि वेपत्ता भएको व्यहोरा ठीक साँचो हो कि होईन ? निजका कोही अन्य हकदार छन कि ? वेपत्ते भनिएको ज.ध. कही कतै हुनु हुन्छ कि ? भनि यो हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ यदि वेपत्ते भएको ज.ध. कहि कतै भएमा वा कोही अन्य हकवाला भएमा बाटोको म्याद बाहेक ३५ (पैंतीस) दिन भित्र स-प्रमाण यस कार्यालयमा दावी उजुरी गर्न आउनु होला, अन्यथा प्रचलित कानून वमोजिम निवेदकहरुको नाममा संयुक्त नाममा नामसारी भई जाने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

इति सम्वत २०८१ साल जेष्ठ २४ गते रोज ५ शुभम् ।

### युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : EXPLORER FOR EMPLOYMENT SERVICE

पुर्व स्वीकृति मिति :२०८१/०२/२७ LT. No. 306156 चलानी नं. 60220858

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव EAD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Mason | 100 | 0 | 1200 | ४३,८९८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Carpenter | 100 | 0 | 1200 | ४३,८९८ | | | | | | | |
| 3 | Construction Worker | 200 | 0 | 800 | २९,२६५ | | | | | | | |
| 4 | reinforcing fitter. | 100 | 0 | 1200 | ४३,८९८ | | | | | | | |
| 5 | STEEL FIXER | 100 | 0 | 1200 | ४३,८९८ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार ३ गते (17th June 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः निःशुल्क**

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Asia Link Services Pvt. Ltd. श्रम ईजाजत नं ११९/०५५/०५६
Basundhara Kathmandu,Nepal, Tel: +977-01-5903260, Phone No : 9817961880, 9851116133, E-mail: info@asialinkservices.com.np, Website: www.asialinkservices.com

### राष्ट्रिय खेलकुद परिषद्
त्रिपुरेश्वर, काठमाडौं, नेपाल

### अन्तर्राष्ट्रिय रग्बी रंगशाला निर्माण आयोजनाको
### वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयारीको लागि क्षेत्र निर्धारण सम्बन्धी सार्वजनिक सूचना

(वातावरण संरक्षण नियमावली, २०७७ को नियम ४ को उपनियम (२) सँग सम्बन्धित, अनुसूची-४ मा आधारित)

(प्रकाशन मिति : २०८१/०२/२८)

बागमती प्रदेश, काठमाडौं जिल्ला, कागेश्वरी मनोहरा नगरपालिकामा राष्ट्रिय खेलकुद परिषद्द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | राष्ट्रिय खेलकुद परिषद्, त्रिपुरेश्वर, काठमाडौं, नेपाल<br>ईमेलः contact@nsc.gov.np, फोन नं.: +९७७-०१-५३६२०७९ |
| प्रस्तावको व्यहोरा | **'अन्तर्राष्ट्रिय रग्बी रंगशाला निर्माण आयोजना'**<br>**स्थानः** कागेश्वरी मनोहरा नगरपालिका वडा नं. ७<br>**क्षमताः** ५७०० सिट क्षमताको रग्बी रंगशाला<br>**जमिनको जम्मा क्षेत्रफलः** ५.५३ हेक्टर<br>**जमिनको प्रकारः** सार्वजनिक जमिन<br>आयोजनाका मुख्य संरचनाहरूः मुख्य रंगशाला, अभ्यास मैदान, सार्वजनिक खेल मैदान, सुरक्षा गार्डको घर, टिकट काउन्टर, होस्टेल ब्लक, पार्किङ क्षेत्र, मुख्य प्रवेशद्वार, रग्बी म्युजियम, फुड कोर्ट, भीभीआईपी प्यारािफट । |
| प्रभाव पर्ने जिल्ला/न.पा./वडा नं. | काठमाडौं जिल्ला, कागेश्वरी मनोहरा नगरपालिका वडा नं. ७ |

माथि उल्लेखित प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन सम्बन्धी क्षेत्र निर्धारण (Scoping) गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीमा के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालय तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः**

| प्रस्तावकको नाम र ठेगाना | परामर्शदाताको नाम र ठेगाना |
|---|---|
| राष्ट्रिय खेलकुद परिषद्<br>त्रिपुरेश्वर, काठमाडौं, नेपाल<br>ईमेलः contact@nsc.gov.np<br>फोन नं.: +९७७-०१-५३६२०७९ | इनर्जी रिसोर्सेज एण्ड सोलुसन्स प्रा.लि.<br>पुतलीसडक, काठमाडौं<br>ई-मेलः ersnepal2069@gmail.com<br>फोन नम्बरः +९७७-०१-५२४२८६५ |

### कर्मचारी आवश्यकता

(प्रकाशित मिति २०८१/०२/२८ गते)

राष्ट्रियस्तरको वित्तीय संस्थाको लागि एक जना कार्यालय सहयोगी कर्मचारी आवश्यक भएकोले तपसिल बमोजिमको न्यूनतम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट दरखास्त आह्वान गरिन्छ ।

| क्र. स. | पद/ श्रेणी | विज्ञापन नं. | सेवाको किसिम | आवश्यक न्यूनतम शैक्षिक योग्यता | थप योग्यता र अनुभव |
|---|---|---|---|---|---|
| १. | सहयोगी श्रेणी | ०१-२०८०/८१ | स्थायी | साधारण लेखपढ । | पढाई तथा सम्वन्धित क्षेत्रमा कार्यअनुभव भएकोलाई विशेष ग्राह्यता दिईनेछ । |

**परीक्षाको किसिम** : उल्लेखित पदको प्रस्तुतीकरण/अन्तर्वार्ता हुनेछ ।
**उमेरको हद** : दरखास्त दिने अन्तिम दिनसम्म २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको तर, महिला उम्मेदवारको हकमा माथिल्लो उमेरको हदमा ५ वर्ष थप हुनेछ ।
**तलब तथा अन्य सुविधा** : वित्तीय संस्थाको नियमानुसार ।

छनौट सूचीमा परेका उम्मेदवारहरुलाई मात्र त्यसपछिको छनौट प्रकृयामा समावेश गराइनेछ । योग्यता पुगेका इच्छुक उम्मेदवारले निवेदनको साथमा वायोडाटा, हालसालै खिचेको फोटो र नागरिकताको प्रतिलिपिको साथै अनुभव भएमा अनुभव खुल्ने पत्रको प्रतिलिपि सहित सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र ईमेल ठेगाना vacancy908@gmail.com मार्फत पठाउनुहुन सूचित गरिन्छ । छनौट प्रकृया सम्बन्धी सम्पूर्ण अधिकार संस्थामा निहित रहनेछ ।

**पदपूर्ति समिति**

### युएइमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FIRST CHOICE SECURITY SERVICES LLC

पुर्व स्वीकृति मिति २०८०/०८/२१ पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/२७ LT. No. 296041 चलानी नं. ६०२११७८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव EAD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 50 | 0 | 1200 | ४३,८९८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार ३ गते (17th June 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Mobhira Overseas Service Pvt. Ltd. Govt. License 083/053/054
P.O. Box : 15142, K.P.C. : 283, Basundhara, Kathmandu, Nepal
Tel: +977 1 4359905/ 4385829/ 4385832, Fax: +977-1- 4353733/ 4386111
Email: mobhiraoverseas111@gmail.com, mobhiraoverseas222@gmail.com

### कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ARGAN ALBIDA'A HOTEL & RESORT

पूर्व स्वीकृति मिति २०८१/०२/२७ LT. No.306055 चलानी नं.६०२२०८९९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista | 6 | 4 | 130 | ५६,९७१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Bell Boy | 15 | 0 | 125 | ५४,७८० | | | | | | | |
| 3 | BUTCHER | 5 | 0 | 180 | ७८,८८३ | | | | | | | |
| 4 | HEAD WAITER / WAITRE | 6 | 4 | 130 | ५६,९७१ | | | | | | | |
| 5 | HOUSE KEEPING / CLEANER | 20 | 10 | 100 | ४३,८४२ | | | | | | | |
| 6 | HOUSE KEEPING SUPERVISOR | 1 | 0 | 140 | ६१,३५४ | | | | | | | |
| 7 | KIDS INSTRUCTOR | 0 | 5 | 280 | ७८,८८३ | | | | | | | |
| 8 | Life Guard | 10 | 0 | 140 | ६१,३५४ | | | | | | | |
| 9 | Maintenance Technician | 10 | 0 | 160 | ७०,११९ | | | | | | | |
| 10 | Receptionist (M&F) | 5 | 5 | 180 | ७८,८८३ | | | | | | | |
| 11 | Steward/Cleaner | 25 | 0 | 100 | ३४,७५७ | | | | | | | |
| 12 | Waiter/Waitress | 25 | 15 | 120 | ५२,५९८ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार ३ गते (17th June 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** निःशुल्क कामदार आफैंले **सेवा शुल्कः निःशुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Green Tara International Overseas Services Pvt. Ltd. श्रम ईजाजत नं. १०१८/०६८/०६९
Damodar Marga,Jawalakhel, Lalitpur, Tel: +977-015442013/14
Email: greentara.overseas@gmail.com, Website : www.greentaraintl.com

# चार विद्यालयका ६१ सटरमा कामपाले लगायो ताला



**काठमाडौं (प्रस)–** काठमाडौं महानगरपालिकाले चारवटा सामुदायिक विद्यालयले भाडामा लगाएका ६१ सटरमा ताला लगाएको छ । कामपा शिक्षा विभाग, प्रमुखको सचिवालय र महानगर प्रहरी बलसहितको टोलीले आइतबार विद्यालयमा पुगेर व्यावसायिक प्रयोजनमा लगाइएका सटर तथा टहरामा ताला लगाएको हो ।

यसरी ताला लगाइएका सटरहरूमध्ये रामशाह पथमा रहेको पद्मोदय माध्यमिक विद्यालयका १७, बागबजारस्थित सहिद शुक्र माविका २२, विजय स्मारक मावि डिल्लीबजारका आठ र पदमकन्या मावि डिल्लीबजारले भाडामा लगाएका १४ वटा सटरमा ताला लगाइएको शिक्षा अधिकृत इन्द्रप्रसाद दाहालले जानकारी दिए । शैक्षिक क्रियाकलापका लागि उपयोग हुनुपर्ने ठाउँ भाडामा लगाएर आय गरेका सटरमा ताला लगाएर चाबी प्रधानाध्यापकलाई बुझाइएको दाहालले बताए ।

यसैगरी व्यवसायीलाई आफ्ना सामान लैजान सात दिनको समय दिइएको छ । 'कामपाभित्रका ३७ वटा विद्यालयले सटर वा विद्यालय परिसरमा टहरा बनाएर भाडामा लगाएको देखिएको छ । यी सबै सटर र टहरा शैक्षिक क्रियाकलापका लागि प्रयोगमा ल्याइनेछ,' दाहालले भने, 'विद्यालयलाई शैक्षिक कार्यक्रम सञ्चालन गर्न आवश्यक स्रोत महानगरपालिकाले प्रदान गरिरहेको छ । विद्यालयले माग गरेकोभन्दा धेरै कार्यक्रम पठाएको छ ।'

महानगर प्रमुखको सचिवालय सदस्य सस्मित पोखरेलले विद्यालयले स्थान अभाव देखाउँदै शैक्षिक कार्यक्रम सञ्चालनमा असहज भएको गुनासो गरिरहे पनि आफूसँग भएको स्थानलाई प्रयोगमा ल्याउने विषयमा कहिल्यै कुरा नगरेको बताए । पोखरेल भने, 'विद्यालयमा विज्ञान र कम्प्युटर ल्याब बनाउनुपर्ने छ । पढ्ने संस्कृति बसाउन पुस्तकालय बनाउनुपर्ने आवश्यकता छ । त्यसैले भाडामा लगाइएका स्थान खाली गरेर शैक्षिक क्रियाकलाप सञ्चालनका लागि उपयोग गर्छौं ।'

## आँबुखैरेनी मुग्लिन खण्ड सञ्चालन

**तनहुँ (प्रस)–** पृथ्वीराजमार्गअन्तर्गत तनहुँको आँबुखैरेनी मुग्लिन सडक खण्ड सञ्चालनमा आएको छ । आँबुखैरेनी गाउँपालिका-४ साँखर ड्याम नजिक भासिएको सडक मर्मतका लागि आइतबार बिहान १० बजेदेखि बन्द गरिएको उक्त सडक खण्ड दिउँसो १:१० बजेदेखि सञ्चालन भएको हो ।

राजमार्ग बन्द भएको समयमा आँबुखैरेनीबाट मुग्लिनतर्फ जाने सवारीसाधनलाई आँबुखैरेनी नजिक रोकिएको थियो । राजमार्ग सञ्चालन भएपछि रोकिएका सवारीसाधन गन्तव्यतर्फ लागेको जिल्ला ट्राफिक प्रहरी कार्यालय तनहुँका प्रहरी नायब निरीक्षक सन्तोष पौडेलले जानकारी दिए ।

उक्त ठाउँको हिलसाइडमा चर्किएर बसेको ढुंगाहरू झार्नुपर्ने भएकाले सडक अवरुद्ध गरेर काम गरिएको सडक डिभिजन कार्यालय दमौलीका प्रमुख पशुपति ज्ञवालीले जानकारी दिए । २०७९ जेठ २७ गते वर्षाका कारण उक्त ठाउँमा सडक भासिएको थियो । हाल भासिएको सडक मर्मत भइरहेको छ । निर्माण व्यवसायी जिएस इन्जिनियरिङ प्रालि भरतपुरले सडक मर्मत गरिरहेको छ । मर्स्याङ्दी नदीदेखि पहिरो नियन्त्रणको काम भइरहेको सडक डिभिजन कार्यालयले जनाएको छ ।

## मधेस प्रदेश मन्त्रिपरिषद् विस्तार

**धनुषा (प्रस)–** मधेस प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले मन्त्रिपरिषद् विस्तार गरेका छन् । मुख्यमन्त्री सिंहको सिफारिसमा प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले आइतबार जनमत पार्टीका तर्फबाट त्रिभुवन साहलाई वन तथा वातावरण मन्त्री र मोहम्मद सकिल मियाँलाई विनाविभागीय मन्त्री नियुक्त गरेका हुन् ।

यसअघि विनाविभागीय राज्यमन्त्री नियुक्त रञ्जुकुमारी मण्डल खंगलाई वन तथा वातावरण राज्यमन्त्रीको जिम्मेवारी दिइएको छ । मन्त्री साह सिरहाको क्षेत्र नं ४ को (क) बाट निर्वाचित भएका हुन् । उनीहरूलाई आइतबार नै प्रदेश प्रमुख भण्डारीले पद तथा गोपनीयताको शपथ गराएकी छन् । यससँगै मधेस प्रदेश मन्त्रिपरिषद् १६ सदस्यीय भएको छ । यसअघि मुख्यमन्त्री सिंहले १० मन्त्री र तीन राज्यमन्त्री नियुक्त गरेका थिए ।


### अक्षता मिडिया (प्रा. लि.) को हकदावी गर्न आउने सम्बन्धी सूचना

कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७३/१०/०९ मा दर्ता भएको प्रा. लि. दर्ता न. ६२२४२ को अक्षता मिडिया (प्रा.लि.) को मिति २०८१/०२/०७ गते बसेको विशेष साधारण सभाले गरेको निर्णय अनुसार यस कम्पनीलाई कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी (लिक्वीडेशन) मा लैजानु पर्ने भएकोले यस कम्पनीले कोही कसैलाई तिर्नु व्यहोर्नु पर्ने ऋण, धन, दायित्व एवं कोही कसैको बाँकी बक्यौता लेनदेन आदि भएमा स-प्रमाण सहित हकदावी गर्न यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालयमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरीएको छ ।

**चित्र खड्का**
**लिक्वीडेटर**
प्र.प.नं. ३१० सम्पर्क नं. ९८४५३६११०९



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL RASHID ICE FACTORY

पूर्व स्वीकृति मिति २०८०/०३/२५ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/२७ | LT. No. : 289153 | चलानी नं. ६०२०४४६३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 2 | 0 | 1000 | ३६,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार ३ गते (17th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

The Centre Overseas Pvt. Ltd.
THE CENTER OVERSEAS CONCERN PVT.LTD
श्रम इजाजत नं. ०९५/०५३/०५४
Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Fax: +977-1-4385806



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : GULF RESOURCES MEAT COMPANY.

पूर्व स्वीकृति मिति २०८१/०२/२७ | LT. No.306065 | चलानी नं.: ६०२२०८२४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Butcher | 10 | 0 | 125 | ५४,७८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Assistant Cook | 7 | 0 | 125 | ५४,७८० | | | | | | | |
| 3 | Helper | 8 | 0 | 95 | ४१,६३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार ३ गते (17th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

YOUTH MANPOWER PVT.LTD.
License No. : 757/064/065
Sinamangal-9, Kathmandu, Nepal, Tel: 01-4566055, 4466966
E-mail : youthmanpower757@gmail.com, info@youthmanpower.com
Mobile: 9851090996 /9809393801/9809393802



## ZERO COST RECRUITMENT OPPORTUNITY FOR UAE !!!
## शुन्य लागत अन्तर्गत युएईमा वैदेशिक रोजगारको अवसर ।

Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator!
निःशुल्क भिषा, निःशुल्क टिकट, निःशुल्क स्वास्थ्य जाँच, निःशुल्क भर्ना प्रक्रिया, सेवाशुल्क नलाग्ने, तलब कटौती नहुने, नगदजम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित

COMPANY: ATLANTIS THE PALM HOTEL AND RESORT, UAE
कम्पनी : एट्लान्टिस द पाल्म होटल एण्ड रिसोर्ट, युएई

Pre Approval Date : 2024-05-09 | पूर्व स्वीकृति मिति : २०८१/०१/२७ | LT. No. 304266 | एल टि न. ३०४२६६ | चलानी नं. ६०२१९२५० | Invoice No. 60219250

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter | 120 | 0 | 1350 | ५०,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Waitress | 0 | 50 | 1350 | ५०,५६० | | | | | | | |

The interview will be conducted in Marriott Hotel, Naxal, Kathmandu on 17th June, 2024.
अन्तर्वार्ता हुने स्थान र मिति : Marriott Hotel, Naxal, काठमाडौंमा मिति: २०८१ असार ३ गते हुनेछ ।

नोट: आवेदकहरूलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सिधा आवेदन दिन आमन्त्रित गरिएको छ । आवेदक वा आवेदकका परिवारका सदस्यहरूले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन ।
Note: Applicants are invited to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment.

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कसले दिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कसले व्यहोर्ने Who will bear the Visa Cost | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने How much is the Orientation Cost and who will bear it | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने Who will bear the Visa Stamping Cost |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने उमेर १८ देखि ३५ : ने.रु.३७०८।- उमेर ३६ देखि ५० : ने.रु.४९३१।- उमेर ५१ देखि ६४ : ने.रु.९४६३।- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | ने.रु.७०० ।- रोजगारदाताले ब्यहोर्ने NPR 700/- By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer |

कल्याणकारी कोष सम्बन्धी ब्यवस्था : ने.रू.१५००।- रोजगारदाताले ब्यहोर्ने Management of Workers Welfare Fund NPR 1500/- By the Employer
सेवा शुल्क कसले ब्यहोर्ने who will bear the Service Fee रोजगारदाताले ब्यहोर्ने By the Employer

यस प्रा.लि. को कुनै शाखा तथा मध्यस्थकर्ता छैन । यस कम्पनीले कुनै पनि भर्ना शुल्क लिने छैन । यसको मतलब कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने ।
Vision & Value Overseas Pvt. Ltd. does not have any branch or mediator representative. This company is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.

हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्रसँग सम्बन्धित जानकारीमूलक सामग्रीहरु जस्तै पर्चा, व्यानर फ्लेक्स आदि पुर्ण रुपमा अध्ययन गरी जानकार हुन अनुरोध गर्दछौं ।

We request you to fully study and understand job-related informative materials such as flyers, banners, flex placed at our Office premises.

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

Information provided by the Department of Foreign Employment(DOFE) 1.Consult with Agency for the visa confirmation that is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Tahachal.

VISION & VALUE OVERSEAS PVT. LTD.
श्रम इजाजत नं. ८२२/०६६/०६७
Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 43379450, P.O.Box:7764
Mobile: 9767659357/ 9767659356/ 9767659358 / 9863194834, 9863194832
Email:- visionhospitalityjobs@gmail.com | URL: www.vnvnepal.comt



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SBA GRC TRADING & CONTRACTING

पुर्व स्वीकृति मिति : २०८१/०२/२७ | LT. No. 306016 | चलानी नं. ६०२२०७५६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BUILDING WORKER | 1 | 0 | 1000 | ३६,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | DECOR WOOD WORKER | 2 | 0 | 1100 | ४०,५९० | | | | | | | |
| 3 | MASON | 1 | 0 | 1100 | ४०,५९० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार ३ गते (17 Jun. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

STRIKEFORCE ASIA RECRUITMENT PVT. LTD
Gov. Lic. No. 321158/080/081
Tokha -07, Basundhara, Kathmandu, Nepal Tel : +977-9849476159, 9869416889, 9869730362 E-mail : strikeforceasiarecruitment@gmail.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL MINHAJ TRADING CONTRACTING WLL

पूर्व स्वीकृति मिति २०८०/०५/०५ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/२७ | LT. No.291297 | चलानी नं.: ६०२०६६४४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Mason | 5 | 0 | 1200 | ४३,९०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Building Worker | 5 | 0 | 1000 | ३६,५८५ | | | | | | | |
| 3 | Carpenter | 5 | 0 | 1200 | ४३,९०५ | | | | | | | |
| 4 | Foreman | 2 | 0 | 3500 | १२८,०५० | | | | | | | |
| 5 | General Clean Worker | 5 | 0 | 1000 | ३६,५८५ | | | | | | | |
| 6 | Labour | 5 | 0 | 1000 | ३६,५८५ | | | | | | | |
| 7 | Plaster Worker | 13 | 0 | 1200 | ४३,९०५ | | | | | | | |
| 8 | Supervisior | 1 | 0 | 3500 | १२८,०५० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार ३ गते (17th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Red Panda International Overseas Pvt. Ltd.
P.O. Box No. 6546 Tokha-10, Manohar road, Kathmandu, Nepal Phone No: 01-4952910
E-mail : redpandaovs1375@gmail.com, Website : www.redpandaoverseas.com,



## साउदी/कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ALU MASA FACTORY CO. FOR METAL PRODUCTS

पूर्व स्वीकृति मिति: २०८१/०२/२७ | LT. No.306036 | चलानी नं. ६०२२०७६४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 13 | 0 | 1000 | ३५,८२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : INCO INTERNATIONAL QATAR WLL

पूर्व स्वीकृति मिति: २०८१/०२/२७ | LT. No.306075 | चलानी नं. ६०२२०७८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 49 | 0 | 1000 | ३६,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : SAIF TWO CONTRACTING

पूर्व स्वीकृति मिति: २०८१/०२/२७ | LT. No.305998 | चलानी नं. ६०२२०७४७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker | 2 | 0 | 1200 | ४४,२८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Carpenter | 11 | 0 | 1200 | ४४,२८० | | | | | | | |
| 3 | Cashier | 1 | 0 | 2200 | ८१,१८० | | | | | | | |
| 4 | Foreman | 2 | 0 | 2700 | ९९,६३५ | | | | | | | |
| 5 | Labour | 7 | 0 | 1200 | ४४,२८० | | | | | | | |
| 6 | Plaster Worker | 1 | 0 | 1200 | ४४,२८० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार ३ गते (17th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Prince International Employment Service Pvt. Ltd.
श्रम इजाजत नं. ४३५/०६०/०६१
Samakhusi-26 Ktm, Nepal, Tel : +977-1-4387650, Mobile: 981-3952892, 9706180600
E-mail : info@princeies.com, mkhatiwada799@gmail.com, binod2551@gmail.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : LINES COMPANY FOR DELIVERING CONSUMER ORDERS

पुर्व स्वीकृति मिति २०८१/०२/२७ | LT No :306081 | चलानी नं. ६०२२०८३३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver/light Driver/light Vehicle Driver | 65 | 0 | 135 | ५९,१६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : FARIDA RESTAURANT COMPANY FOR FOOD SUPPLIES

पुर्व स्वीकृति मिति २०८१/०२/२७ | LT No :306005 | चलानी नं. ६०२२०७३८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter / Chef Assistant | 3 | 0 | 130 | ५६,९७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार ३ गते (17th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Omega International Pvt. Ltd.
Govt. License No. 1352/074/075
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PERFECT HOMES CLEANING AND HOSPITALITY SERVICES

पूर्व स्वीकृति मिति २०८१/०२/२७ | LT. No. 306018 | चलानी नं. ६०२२०७९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Foreman | 2 | 0 | 2500 | ९२,२५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | General Clean Worker | 3 | 4 | 1000 | ३६,९०० | | | | | | | |
| 3 | Labour Services | 3 | 0 | 1000 | ३६,९०० | | | | | | | |
| 4 | Receptionist | 0 | 1 | 1100 | ४०,५९० | | | | | | | |
| 5 | Secretory | 0 | 1 | 2100 | ७७,४९० | | | | | | | |
| 6 | Supervisior | 1 | 0 | 2500 | ९२,२५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार ३ गते (17th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

KINGFISHER OVERSEAS PVT.LTD
श्रम इजाजत नं. १४३५/०७४/७५
Gairigaun 9 Tinkune, Kathmandu,Nepal.
Contact no.:+977-014112437/014112160, Email: kingfisheroverseasnepal@gmail.com

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### निर्मला बेपत्ता प्रकरणको अनुसन्धान प्रभावकारी बनाऊ

**एकल महिला निर्मला कुर्मी सम्पर्कविहीन भएको छ वर्ष हुनै लाग्दा पनि उनको अवस्थाबारे यथार्थ पहिचान गर्न नसक्नु सरकारको लाचारीपन हो । हुन त को कतिखेर सरकारमा आउँछ र जान्छ टुंगो हुँदैन । पटक-पटक सरकार परिवर्तन भइरहँदा कुर्मीको जस्तै कयौं घटनाको अनुसन्धान प्रभावित बनिरहेको छ । नयाँ सरकार बन्नेबित्तिकै गृह मन्त्रालयको नेतृत्व सम्हाल्ने व्यक्तिले यस्ता अनुसन्धानलाई प्रभावकारी बनाउने भाषण ठोकिहाल्छन् । तर, व्यवहारमा लागू गर्दैनन् । बरु आफ्नो अनुकूलतामा सुरक्षा निकायलाई प्रयोग गर्छन् । यस्तो नहुँदो हो त निर्मला कुर्मीजस्ता हजारौं पीडितका दोषीलाई न्यायको कठघरामा उभ्याइसकेको हुने थियो ।**

**बाँकेको नेपालगञ्ज-१७ परस्पुर घर भएकी उनको भारतमा मृत्यु भएको भन्ने खबर चार वर्षअघि आएको थियो । अहिलेसम्म उनको मृत्यु घटनाबारे यकीन तथ्य भेटिएको छैन । घटनाअघि उनी करोडौं मूल्य पर्ने जग्गाका धनी थिइन् । परस्पुरमा सडक छेउमै निकै महँगो पर्ने साढे चार बिघा जग्गा उनको थियो । सोही जग्गा हडप्न उनलाई सम्पर्कविहीन बनाइएको ठानिन्छ । किनभने उक्त जग्गामा पूर्वसभासदसमेत रहेका कांग्रेस नेता वादशाह कुर्मीको आँखा गडेको थियो । उनले निर्मलाबाट जग्गाको लालपुर्जादेखि नागरिकतासम्म कब्जा गरेका थिए । यसबारे २० चैत २०६७ मा जिल्ला प्रशासन कार्यालय बाँकेमा निर्मलाले उजुरीसमेत दिएकी थिइन् । अधिकारकर्मी रुबी खानसहितले प्रदर्शन गरेका थिए । अन्ततः कागजात वादशाहले फिर्ता गरेका थिए ।**

**तर, २०६९ सालमा भने निर्मलाको जग्गा वादशाहसहित अन्य केही व्यक्तिको नाममा नामसारी भयो । आफ्नो जग्गा हडपेको थाहा पाएकी निर्मला यसविरुद्ध लडाइँमा लडिरहिन् । यहीबीच २५ माघ २०७५ देखि निर्मला एकाएक सम्पर्कविहीन भइन् । वादशाहलगायतले निर्मलाले भारतमा बिहे गरेको चर्चा चलाए । त्यसको दुई वर्षपछि निर्मलाको भारतमै मृत्यु भएको खबर गाउँभर फैलाइयो ।**

**यसपछि निर्मलाको अपहरण तथा शरीर बन्धक बनाएर हत्या गरेको आरोपमा महिला अधिकार मञ्च बाँकेले १६ मंसिर २०७८ मा वादशाहसहित कृष्णमुरारी सिंह, कुवर बबन सिंह, उर्मिला कनोजिया, अम्मरलाल कुर्मी, धीरेन्द्र सिंह, रमेश थापा र पार्वती विष्टको नाममा किटानी जाहेरी दियो । उनीहरूलाई तत्काल पक्राउ गरी अनुसन्धान गर्न मञ्चको माग थियो । र, त्यहीबेला घटनाको अनुसन्धान गर्न प्रहरी उपरीक्षक कमल थापाको नेतृत्वमा एउटा टोली गठन भयो । उक्त टोली स्थलगत अनुसन्धानका लागि बाँके पुग्यो । तर, केही पनि घटनाबारे नयाँ तथ्य फेला पारेन । यसपछि अनुसन्धानले थप गति लिएको छैन । यस्तो संवेदनशील घटनाको अनुसन्धानमा ढिलाइ गर्नु भनेको पीडितमाथि थप अन्याय हुनु हो । त्यसैले यस घटनाको अनुसन्धान द्रुत बनाई छिटो वास्तविक तथ्य बाहिर ल्याइयोस् ।**

# पत्रकारको चुनावः टाउकाको मोलले महासंघको गरिमा संकटमा



■ टिकाराम खड्का

> पत्रकार महासंघमा भइरहेको दलीय राजनीतिलाई परास्त गर्न पत्रकार स्वयंले निर्णायक हस्तक्षेप गर्नुपर्ने आवश्यकता छ । सुधारिएको पत्रकार महासंघ निर्माणका लागि पहल थाल्न आवश्यक छ । दलका शीर्ष नेताहरूले उम्मेदवारको अन्तिम किनारा लगाउने, गठबन्धन, महागठबन्धनदेखि सबैखाले हर्कत गर्ने र त्यसलाई अनुमोदन गर्ने काम कम्तीमा सचेत र व्यावसायिक पत्रकारिता गर्नेले अब गर्नुहुन्न ।

नेपाल पत्रकार महासंघ निर्वाचनको अन्तिम दिनमा पुगेर 'अहिले चुनाव गर्न सकिन्न है' भन्ने अवस्थामा पुगेको छ । पत्रकार महासंघका अध्यक्ष विपुल पोखरेलले एक विज्ञप्ति जारी गर्दै अमूर्त भाषाशैलीमा चुनावको मिति अनिश्चित रहेको जानकारी रात परेपछि संप्रेषण गरे । पत्रकारितामा 'डेटलाइन' र 'डेडलाइन' भन्ने शब्दको प्रयोग खुब हुन्छ । डेटलाइनले कुन स्थानबाट समाचार लेखिएको हो भन्ने बुझाउँदछ । यस्तै डेडलाइनले समाचार तयार पार्न तोकिएको समयसीमा हो । समाचार कक्षमा डेडलाइनले विशेष महत्त्व राख्दछ । डेडलाइन पछ्याउन नसक्ने पत्रकार समाचार कक्षमा अयोग्य ठहरिन्छ । यसरी डेडलाइन पछ्याउने पत्रकारहरूको संगठन हो, नेपाल पत्रकार महासंघ । तर, महासंघमा पुगेपछि ती पत्रकारलाई डेडलाइनको वास्तै नहुने देखियो । अन्तिम समयमा आएर चुनाव रोखिएको घटनाले यसलाई पुष्टि गर्छ । महासंघको चुनाव रोकिएको छ त केवल टाउको गन्ने विषयमा ।

जेठ २६ गतेका लागि पूर्ववत्‌रूपमै तय भएको महासंघको निर्वाचन त्यसको अघिल्लो रात स्थगित हुनुभन्दा विडम्बना के हुन सक्छ ? पत्रकारिता पेसा मर्यादित, जिम्मेवार र पेसागत दायित्वको सीमामा हुनुपर्छ । यसको अर्थ समाचार कक्षमा मात्रै पत्रकार जिम्मेवार, नैतिकवान, डेटलाइन र डेडलाइनको 'फलोअप' गर्न बाध्यकारी हुन्छन् भन्ने होइन । लोकतन्त्र र लोकतान्त्रिक मान्यतामाथि प्रश्न उठाइए त्यसको प्रतिवाद गर्ने र सरकारको विपक्षमा प्रतिपक्ष बनेर बस्ने काम पत्रकारको हो ।

प्रतिपक्षी भनेको गलतलाई उजागर गरेर जनतासमक्ष जस्ताको त्यस्तै पठाइदिने र त्यसको परिणामतर्फ ध्यान नदिनेसम्म हुनसक्छ । तर, पत्रकारको छाता संगठन भने यसको विपरीत दिशाउन्मुख छ । तोकिएको समयमा निर्वाचन गराउन सक्दैन । शुद्धीकरणको नाममा क्रियाशील पत्रकारहरूको नाम काटिन्छ । जसको पत्रकारितासँग कुनै साइनो छैन, उनीहरू भने मतदाताको सूचीमा अटाउँछन् । यसले कस्तो पत्रकारको छाता संगठन निर्माणमा हाम्रो योगदान पुगेछ भन्ने विषयमा सोच्नुपर्ने ठाउँमा पुऱ्याएको छ ।

राजनीतिक क्षेत्रमा एउटा भनाइ छ, बहुलठ्ठी नेता, बेवकुफ मतदाता । यहाँ विद्रोही चेतको विकास गर्ने स्थिति नबनेसम्म तीनै बहुलठ्ठीलाई मूल नेतृत्व मान्नुपर्छ र चेतनास्तरअनुसारकै सामाजिक-राजनीतिक परिवेशको विकास हुन्छ । पत्रकार महासंघमा पनि यही प्रवृत्तिको पुनरावृत्ति हुने खतरा छ । पत्रकार मतदाताले चुनेर पठाएकाहरूले चुनावलाई आफ्नो दलको भ्रातृ संगठनजस्तै निकम्मा बनाउने, संस्थाको गरिमा र ओजमाथि प्रश्न उठाउने काम गरिरहेका छन् । तर, खबरदारी गर्नुपर्ने पत्रकारहरू जागिर र चुल्हो बाल्ने ध्याउन्नमा बिलाएका छन् । जुन विषय आफैंविरुद्धको षडयन्त्रसमान छ ।

#### दलीय दलदलमा महासंघ

पत्रकार महासंघ दलीय दलदलमा फसेको छ । नेपालका कुनै पनि दलहरू भ्रातृ संगठनलाई चुस्त पार्ने र त्यस्ता संस्थाको 'पब्लिक अडिट' (सार्वजनिक परीक्षण)मा लैजाने मामलामा उदार छैनन् । त्यस्तै दलका नेता र पार्टीका सहउत्पादनहरूले महासंघलाई अग्रणी संस्था निर्माण गर्नेमा शंका थियो, र अन्ततः त्यही भयो ।

राजनीतिक दल र नेताहरू जिम्मेवार र लोकतन्त्रप्रति उत्तरदायी बन्न सकेनन् भने त्यसको असर सिंगो राज्य प्रणालीमा पर्छ । त्यो स्वाभाविक हो । तर, पत्रकारिता र पत्रकारको धर्म यस्तो हो, जो सही बाटोमा जाने




अधिकत्तम प्रयास गर्ने गर्छ र सकेसम्म गल्ती गर्ने छुट पनि हुन्न् । गल्ती भए पनि कारणसहित भूलसुधारका लागि तत्पर हुन्छ । यस्तै जिम्मेवारी र गहनताले पनि हुनुपर्छ राज्यको चौथो अंग भनियो । तर, नेपालको पत्रकारिता पछिल्लो समय बग्रेल्ती गल्ती र लोकतान्त्रिक पद्धतिबाट विमुख हुन खोजिरहेको छ । जुन भावी सन्तती र नेपालको भविष्यका लागि दुःखद विषय हो ।

महासंघको चुनाव प्राविधिक कारण वा मुलुकले गम्भीर संकट व्यहोर्नुपर्ने भएका कारण स्थगित भएको छैन । दलका कार्यकर्तालाई पत्रकारको रूपमा भर्ती गर्ने योजना सफल पार्ने र पार्न नसक्नेबीचको लडाइँका कारण स्थगित भएको छ । जुन महासंघको गरिमा, ओज र महत्त्वमाथिको यक्ष प्रश्न हो । यो सबै सक्रिय र जिम्मेवार पत्रकारहरूले मनन गर्न जरुरी छ ।

#### फेरिएको महासंघको चरित्र

पत्रकार महासंघ प्रेस स्वतन्त्रता, पत्रकारको हक हितको रक्षा, सुरक्षा, संवर्द्धन र प्रवर्द्धनका लागि हो । समग्रतामा लोकतन्त्रको पहरेदारी गर्न हो । त्यसैले त 'वाच डग' भनियो । तर, पत्रकार र पत्रकारिता 'वाच डग' बाट टाढा पुग्दै 'ल्याप डग' बन्न तम्सिएको छ ।

पत्रकारिता सुखको मित्र र विपत्तिको शत्रु हो पनि भनिन्छ । यस्तो भन्नुको मतलब पत्रकारितामा सफलताका कथाहरू बन्छन् तर गलत वा कानुनविपरीतका स्वार्थप्रेरित काम गरी विपत्तिमा परेकाको विपक्षमा नै आवाज उठाइन्छ । तर, महासंघ प्रायः आफ्नो भूमिका, नेतृत्व, काम कर्तव्य र अधिकारको प्रयोगमा चुक्ने र साहुजीको पक्षमा तत्काल उभिने गर्नाले पनि महासंघको अस्तित्व संकटमा छ । यसकारण पनि पत्रकार महासंघले आफ्नो भूमिका फेर्नुपर्छ । जिम्मेवार बन्नुपर्छ ।

#### निर्णायक हस्तक्षेपको आवश्यकता

पत्रकार महासंघमा भइरहेको दलीय राजनीतिलाई परास्त गर्न पत्रकार स्वयंले निर्णायक हस्तक्षेप गर्नुपर्ने आवश्यकता छ । सुधारिएको पत्रकार महासंघ निर्माणका लागि पहल थाल्न आवश्यक छ । दलका शीर्ष नेताहरूले उम्मेदवारको अन्तिम किनारा लगाउने, गठबन्धन, महागठबन्धनदेखि सबैखाले हर्कत गर्ने र त्यसलाई अनुमोदन गर्ने काम कम्तीमा सचेत र व्यावसायिक पत्रकारिता गर्नेले अब गर्नुहुन्न ।

महासंघका अध्यक्ष पोखरेलले जारी गरेको विज्ञप्तिअनुसार निर्वाचन समिति गठन गर्न बाँकी शाखा समिति, एसोसिएट संस्था र प्रदेश समितिलाई यथाशीघ्र निर्वाचन समिति गठन गरेर निर्वाचन समितिलाई जानकारी गराउनका लागि पनि आग्रह गरिएको छ । तर, निर्वाचन किन स्थगित भयो भन्न सकिएको छैन । यद्यपि, मतदाता नामावलीका विषयमा विवाद भएपछि विभिन्न पत्रकारका संघ संस्थाले महासंघमा तालाबन्दी गरेपछि चुनाव अनिश्चितकालसम्म स्थगित भएको छ ।

यसरी हेर्दा पत्रकार महासंघ लुलो बनिरहेको स्थितिमा पुगेको छ । त्यसैले सक्रिय पत्रकारिता गर्नेहरूले अब बोल्न डराउनु हुन्न । पत्रकारिता पेसालाई नै खतरामा पार्ने गरी महासंघमा भइरहेका गतिविधिलाई नजिकबाट नियाल्नुपर्ने आवश्यकता छ । राजनीतिलाई पनि लोकतान्त्रिक पद्धतिमा ल्याउन पहरेदारी गर्नुपर्ने पत्रकारले अब आफ्नो छाता संगठनको बारेमा सोच्नुपर्छ । यसका लागि पत्रकार सबैले निर्णायक हस्तक्षेप गर्नैपर्ने अवस्था आएको छ ।

#### पात्र छनोट

पत्रकार महासंघको निर्वाचन स्थगित भए पनि एक दिन अवश्य हुन्छ । चुनाव लामो समय रोकेर रोक्न सकिन्न नै । तर, चुनाव हुनेबेलासम्म स्वतन्त्र विवेकको प्रयोग भने अब पत्रकार मतदाताले गर्नुपर्ने छ । पत्रकार मतदाताले पेसागत मर्यादा कायम राख्नसक्ने र उनीहरूको प्रतिबद्धताअनुसार काम गर्न सक्नेलाई छानेर मतदान गर्नुपर्ने छ ।

दलगतरूपमा देखिने पात्रलाई चयन गर्नुभन्दा पहिले अब केन्द्रिकृत बहस र छलफलमा ध्यान दिनैपर्छ । दलीय दृष्टिकोणको आधारमा देखिने अनुहार र अहिले महासंघ नेतृत्वमा रहेकाहरूले के-के गरे त्यसको हिसाब मागेर मात्रै मतदान गर्ने-नगर्ने निर्णय गर्नुपर्ने छ । श्रमजीविको पक्षमा अहोरात्र खटिने र निःस्वार्थ मैदानमा देखिने पात्रहरूलाई निसंकोच मतदान गर्नैपर्ने छ । नभए पत्रकारिताको पेसागत मर्यादा मर्दै जाने र यसको विकल्प खोज्दै विद्रोहको झण्डा गाड्नुपर्ने स्थिति आउने निश्चित छ ।

## मननयोग्य

### चाणक्य नीति

राजा नन्द । तिमीलाई यो पनि थाहा छैन, मगध एउटा दन्दनाएको ज्वालामुखी भइरहेछ । कहिले ज्वालामुखी फुट्छ । जुन राजाका हात युद्धमा शत्रुको शिर काट्नमा प्रयोग हुन्छ त्यही हात नर्तकी, वेश्या, कामिनीका साथ मोजमस्तीमा लागिरहन्छन् । हेर नन्द । राजाको शरीर प्रजामा अर्पण हुन्छ, तर म देख्दैछु राजा सुरा सुन्दरीमा समर्पित छ । जुन राजालाई बाहिरी देशको ज्ञान छैन त्यो ज्ञान चाकडी र चाप्लुसीवादले निकम्मा बनाएको छ । त्यस्ता राजाले आफ्नो राज्यमा के भएको चाल पाउदैन ।

छिमेकी राज्यसहित विदेशीको गिद्धेदृष्टि मगधमा छ, तर राजालाई भोगविलासले त्यो जान्ने फुर्सद कहाँ छ ? सभामा बसेका सबैले थी ब्राह्मणलाई आश्चर्यचकित भई हेरिरहे । यस्तो कुरा राजा, नन्द र महामात्य राक्षसका सामुमा अगाडि भन्न सक्ने दुःसाहस सपनामा पनि उनीहरू गर्न सक्दैनथे ।

नन्दका कान सन्दरीका मीठो स्वर दरवारिया चापलुसी चाटुकारिता सुन्नमा व्यस्त हुन्थे, तर चाणक्यका सिसाजस्तो गड्ने कुरा सुनी रिसले तमतमाउँदै पूरै कडकर राजा नन्दले भने- 'यो मूर्ख बाह्मणलाई यहाँ कसले ल्यायो ? यसको यो दरबारमा प्रवेश गर्ने साहस कसरी भयो ?'

कुरा यसरी बिग्रिएको देखी अमात्य शकटार खडा भई भन्न लागे महाराज क्षमा चाहन्छु, मैले त तक्षशिलाका मार्तण्ड विद्वान् व्यक्तित्वलाई दरबारमा ल्याएको हुँ यी विष्णगप्त हुन् । जसका बुद्धिको चर्चा देश-विदेशमा टाढा-टाढासम्म छ । जसको अर्थशास्त्र विश्वप्रसिद्ध छ र अन्य विषयमा पनि त्यस्तै राजनीतिक प्रकाण्ड विद्वान् । राजा नन्दले चाणक्यपछि फर्केर उपहास गर्दै भने यो शक्तिहीनजस्तो कुरूप व्यक्ति पनि प्रकाण्ड विद्वान मार्तण्ड विद्वान किन ?

राजाले चाणक्यलाई व्यङ्ग्य गरेको देखी सबै दरबारियाले पनि व्यग्य गर्न थाले । सुनिएको थियो- 'ब्राह्मणका रिस डरलाग्दो हुन्छ तर आज साक्षात् देख्ने मौका पायौं' चाणक्यको रिस सीमाबाहिर भयो। उनको शरीर रिसरूपी आगोले काम्न थाल्यो । कमण्डलुबाट जल लिएर हातमा राख्तै टुक्रिएर भने' राजा नन्द । क्रमशः

## पत्र-मञ्जुषा

# उपत्यकामा गर्मीले सकस

झण्डै चार दशकअघि तराईमा मात्रै गर्मी हुन्थ्यो । त्यतिबेला काठमाडौं उपत्यकासहित पहाडी भूभागका धेरै जिल्लामा गर्मी हुँदैनथ्यो । बाह्रै महिना जाडो हुन्थ्यो । केही दशकयता उपत्यकासहित विभिन्न जिल्लामा गर्मी ह्वात्तै बढेको छ । अहिले गर्मीका कारण उपत्यकामा बसिसक्नु छैन । यहाँ बस्नेहरूलाई के गरौं र कसो गरौं भएको छ ।

गर्मीका कारण घरधनीहरू पनि हैरान भएका छन् । डेरामा बस्नेहरू पनि उकुसमुकुस भएको बताउँछन् । कोही त गर्मीले गर्दा गाउँ नै फर्किनसमेत थालेका छन् । एकातिर गर्मी छ, अर्कातिर नुहाउन धारामा पानी छैन । त्यसैले, अहिले उपत्यकाबासीको टाउको दुखाइ बनेको छ, गर्मी । अहिले उपत्यकामा घरजग्गा भएकाहरू बेच्न खोजिरहेका छन् । यहाँ बेचेर बाहिरी जिल्लामा जाने अधिकांशको सोच छ । तर, घरजग्गा किन्ने कोही नहुँदा पनि समस्या आयो नि त । उपत्यकामा गर्मी बढ्नुको कारण दुईवटा रहेको बताइन्छ । एउटा बाटोसँगै घरभित्रसमेत पिच गरियो । अर्को जताततै घर बनाइयो । यता, २० वर्ष पुराना सवारीसाधन पनि यही चलाइएको छ । ईँटा भट्टादेखि कलकारखाना, उद्योग, सबै यहीँ छन् ।

यसले वायु प्रदूषण र गर्मी बढेको बताइन्छ । उपत्यकामा शिक्षा, स्वास्थ्य, रोजगारी, सडक, बत्तीलगायत विभिन्न सेवासुविधा रहेको हुँदा मुलुकभरका जनता यहाँ बसे । यहाँको हावापानी पनि राम्रो मानेर अधिकांशले जग्गा किनेर घर बनाए । त्यस्तै, अधिकांश बाहिरी जिल्लाका मानिस यहाँ डेरामा बस्दै आएका छन् । उपत्यकामा यहाँका स्थानीयबासीभन्दा बाहिरी जिल्लाका मानिस धेरै भेटिन्छन् ।

अहिले सुनिन्छ कि उपत्यकामा बैंक तथा वित्तीय संस्थाले लिलाम गरेका हजारौं घरजग्गा छ । तर, त्यो बिक्री भएको छैन । किनकि कोही पनि उपत्यकाभित्र घरजग्गा किन्न चाहँदैन । हिजो खेतीयोग्य जमिनसमेत सबै प्लटिङ गरेर घर बनाइयो । वनजंगलसमेत फँडानी गरेर घर बनाइयो । बाटो निर्माण गरियो । बाटोसमेत पिच गरियो । घर आलिशान देखाउन कतिपयले घरभित्रै पिच हाने ।

यतिमात्र होइन, घरमा अनेकथरी सामग्रीहरू जोडे । उपत्यकामा हरेक सेवासुविधा सहजै पाइन्छ भनेर हिजो विदेश गएकादेखि जागिर खाएकासम्मै यहीँ घरजग्गा किने । पैसा हुने जोकोहीले यहीँ घरजग्गामा लगानी गरे । तर, अहिले यहाँ गर्मी हवात्तै बढेपछि उनीहरूलाई त्यो घरजग्गा टोक्नु कि ओकाल्नु भएको छ ।

देशको राजधानी त हरियाली, व्यवस्थित र सफा, सुन्दर हुनुपर्दछ । यद्यपि, यहाँ त घरबाहेक केही देखिँदैन । दुई आना जग्गा किनेर पाँच तले घर बनाइएको छ । भाडामा लगाइएको छ । न खुला ठाउँ छोडिएको छ न त रुख नै रोपिएको छ । घरका कारण राजधानी अस्तव्यस्त बनेको छ । यहाँ सास फेर्नसमेत गाह्रो बन्दै गएको छ ।

दुई वर्षअघि उपत्यकाको कुनै ठाउँमा तीन करोडमा किनेको घरजग्गा अहिले त्यसको आधा मूल्यमा बिक्री हुँदैन । घरजग्गामा लगानी गर्दा व्यक्तिदेखि बैंक तथा वित्तीय संस्थासमेत डुबेका छन् । उपत्यका अव्यवस्थित छ । दिनहुँ लाखौं स्वदेशी तथा विदेशी नागरिक हिँड्ने बाटोमा फुटपाथ बनाउन दिइँदैन । बाटो काट्न न जेब्रा क्रस छ न त आकाशे पुल ।

भएका आकाशे पुल पनि जीर्ण अवस्थामा पुगेका छन् । यता, सवारीसाधन जथाभावी पार्किङ गरेर राखिएको हुन्छ । मान्छे हिँड्ने बाटोमा गाडी पार्किङ गर्दा सर्वसाधारणले सास्ती मात्रै होइन, अकालै ज्यान पनि गुमाउनु परिरहेको छ । उपत्यकामा गर्मीसँगै बेरोजगारी बढेको छ । बेरोजगारी अनि महँगीका कारण मानिसहरू यहाँ बस्न नसकेर आफ्नै जन्मथलो फर्किएका छन् ।

हिजो दलालीहरूले आफ्नो फाइदाका निम्ति सर्वसाधारणलाई फसाए । रातारात जग्गा प्लटिङ गरेर बेचबिखन गरे । मानिसहरूले लहैलहैमा लागेर जग्गा किनेर घर बनाए । अहिले यहाँ घर बनाएकाहरू तनावमा छन् । गर्मीका कारण यहाँ बस्न नसकेपछि घरजग्गा बेचेर अर्को जिल्ला जान खोज्दा समेत उनीहरूले पाएका छैनन् । किनकि घरजग्गा किन्ने नै कोही छैन ।

मानिसहरूले एक आनादेखि चार आना जग्गामा घर बनाए । कतिपयले घरमा मार्बल हाले त कतिपयले महगो इँटा, ढुंगा वा सिसा टाँसे । यद्यपि, अहिले त्यो घर किन्ने कोही छैन । तीन वर्षअघि उपत्यकामा ठाउँअनुसार एउटै कोठाको पाँच हजारदेखि २० हजार लिइन्थ्यो । एक फ्ल्याटको ३० हजारदेखि दुई लाख त एउटा सटरको ५० हजारदेखि १८ लाखसम्म पर्थ्यो ।

अहिले यहाँका सटरहरू धमाधम खाली भएका छन् । कोठा र फ्ल्याट पनि खाली हुने क्रममै छ । अधिकांशले उपत्यका छोडिसकेका छन् । कोही विदेश गएका छन् त कोही गाउँ फर्किएका छन् । सरकार कसरी गर्मी र प्रदूषण कम गर्ने भनेर कुनै रणनीति बनाउँदैन । अहिले उपत्यका बस्न लायक नै छैन । यहाँ मानिसहरू बाध्यताका कारण मात्र बसेका छन् ।

सरकारले पहिल्यै उपत्यकामा जथाभावी घर बनाउन दिनु हुँदैनथ्यो । ताल, पोखरी, वन, जंगल फँडानी गर्न दिनु हुँदैनथ्यो । सरकारले बेलैमा यसबारे ध्यान दिएन । जग्गा दलालीहरूले जग्गा खण्डीकरण गरेर महँगोमा बेचे । अनि सर्वसाधारणले सेवासुविधा पाइन्छ भनेर किनेर घर बनाए । पहिला पहिला माटोको घर हुन्थ्यो ।

बीचमा प्वाल राखिएको हुन्थ्यो । यसले गर्मी धेरै हुँदैन्थ्यो । अहिले सबै सिमेन्टको प्रयोग गरेर घर बनाइएको छ । फेरि सिमेन्ट छिट्टै तात्छ । र, गर्मी हुन्छ । अर्कोतर्फ बाटो पनि पिच गरिएको छ । यसले घरदेखि बाटोसम्म तातो छ । त्यसैले, अहिले उपत्यकाको बसाइ कष्टपूर्ण बनेको छ । गर्मीले उपत्यकावासीलाई सकस दिलाएको छ । यो सबै हामी मानवकै कारण भइरहेको छ । हामी आफैंले गरेको गल्तीको फल भोगिरहेका छौं । हिजोको पुस्ताले गरेको गल्ती आज हामी भोगिरहेका छौं । हाम्रो गल्तीको परिणाम भोलिका पुस्ताले भोग्ने छन् । यो निश्चित छ ।

**– रुषा थापा, भक्तपुर**

### जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# प्रभावकारी बन्दै आमाबाबुविहीन बालबालिका संरक्षण कार्यक्रम

■ संगिता डिम्दोङ

सिन्धुली- आफूले जन्माएको सन्तानलाई माया नगर्ने आमाबाबु पनि हुन्छन् र ? यो प्रश्न अधिकांश मानिसका लागि अनौठो लाग्न सक्छ । किनकि, आफ्नो छोराछोरीभन्दा प्यारो आमाबाबुका लागि कोही हुँदैन भन्ने आमबुझाइ समाजमा पाइन्छ । तर कतिपय आमाबाबु यस्ता पनि हुन्छन्, जो आममानिसको बुझाइभन्दा फरक हुन्छ । सन्तान जन्माउँछन् तर आफ्नो सन्तानप्रतिको दायित्वबाट पूरै पन्छिने गर्छन् । आफूले जन्माएको सन्तानलाई बेसहारा बनाएर छाडिदिन्छन् ।

यस्तै बेसहारा छाडिएका बालबालिकामध्येकी एक हुन्, अञ्जना माझी (१७) । सिन्धुलीको मरिण गाउँपालिका-५ घाटाकी अञ्जना पाँच वर्षकी हुँदा आमाबाबुविहीन बनेकी हुन् । अञ्जनालाई बाबुको त अनुहार पनि याद छैन । लगातार छोरी जन्माएको भन्दै उनका बाबु दोस्रो विवाह गरेर अन्तै बस्न थाले । बाबुले छाडे पनि अञ्जना र उनकी दिदीलाई आमाले साथ दिएकी थिइन् । तर, अञ्जना पाँच वर्षको हुँदा आमा पनि अर्कोसँग विवाह गरेर हिँडिन् । अञ्जना दिदीबहिनी बेसहारा बने । धन्न ! हजुरबुबाले उनीहरूलाई आफ्नो साथमा राखेर हुर्काए । अञ्जनाले हजुरबुबासँगै बसेर आठ कक्षासम्म पढिन् । त्यसपछि सानीआमा राजकुमारी माझी र सानोबाबु राजेन्द्र माझीले आफूसँगै राखेर पढाए । अहिले पनि उनीहरूकै साथमा बसेर पढिरहेकी छन्, अञ्जना ।

आमाबाबु भने आजसम्म सम्पर्कमा आएका छैनन् । अञ्जनाले यसैपालि कपिलाकोट माविबाट एसइई परीक्षा दिएर बसेकी हुन् । आमाबाबुविहीन अञ्जनाले यतिबेला भने बागमती प्रदेश सरकारबाट पनि साथ पाएकी छन् । बागमती सरकारको सामाजिक विकास मन्त्रालयले कार्यान्वयनमा ल्याएको आमाबाबुविहीन बालबालिका संरक्षण कार्यक्रम अञ्जनाका लागि लाभदायी बनेको छ ।

गत आर्थिक वर्ष २०७९/८० मा मन्त्रालयले मरिण गाउँपालिकामार्फत अञ्जनालाई १३ हजार रूपैयाँ प्रदान गरेको थियो । उक्त रकम स्कुलको पोसाक, स्टेसनरीलगायतका सामग्री खरिद गर्न खर्च गरेको उनले सुनाइन् । चालु आर्थिक वर्ष २०८०/८१ मा पनि उनले प्रदेश सरकारबाट आठ हजार रूपैयाँ पाएकी छन् । 'खाजा खर्च र पढाइका लागि आवश्यक सामग्री किन्न राहत मिलेको छ,' अञ्जनाले भनिन् । दिनकै सानीआमासँग खाजाका लागि पैसा माग्नु पर्ने बाध्यता केही समय भए पनि हटेको भन्दै उनले खुसी व्यक्त गरिन् । एसइई पास भएपछि उनलाई कम्प्युटर सिक्न र प्राविधिक विषय पढ्ने इच्छा छ । तर आफूलाई साथ दिइरहेको परिवारको पनि आर्थिक स्थिति बलियो नभएको कारणले चाहेको विषय पढ्न पाउनेमा ढुक्क छैनन्, अञ्जना । गाउँपालिका तथा प्रदेश सरकारले थप पढाइका लागि आर्थिक सहयोग गरिदियोस् भन्ने आशा व्यक्त गर्छिन् उनी । पढेर स्वरोजगार बन्ने उनको लक्ष्य छ ।

अञ्जनाजस्तै आमाबाबुविहीन बालबालिकाको अभिभावकत्व लिने प्रयास बागमती प्रदेश सरकारले गरेको छ । प्रदेशको सामाजिक विकास मन्त्रालयले प्रदेशभित्रका ११९ वटै स्थानीय तहमा यो कार्यक्रम लागू गरेको जनाएको छ । मन्त्रालयले आर्थिक वर्ष २०७८/७९ देखि नीति तथा कार्यक्रम र बजेटमा समावेश गरी यो कार्यक्रमलाई निरन्तरता दिँदै आएको देखिन्छ ।

कार्यक्रमअन्तर्गत आमाबाबुविहीन १८ वर्ष पूरा नगरेका बालबालिकालाई मासिक दुई हजार रूपैयाँका दरले भत्ता उपलब्ध गराउने मन्त्रालयले जारी गरेको वार्षिक कार्यक्रम कार्यान्वयन निर्देशिकामा उल्लेख छ । मन्त्रालयले स्थानीय तहलाई ससर्त अनुदानमार्फत यो कार्यक्रम कार्यान्वयनका लागि बजेट पठाउने गरेको छ । स्थानीय तहबाट प्राप्त बालबालिकाको अभिलेखका आधारमा बजेट पठाउने गरिएको मन्त्रालयले जनाएको छ ।



आमाबाबुविहीन बालिकालाई भत्ता वितरण गर्दै सिन्धुलीको सुनकोशी गाउँपालिकाकी अध्यक्ष दिपा बोहोरा दाहाल । *तस्बिर सौजन्यः सुनकोशी गापा*

## सिन्धुलीका ७ पालिकामा कार्यक्रम

आमाबाबुविहीन बालबालिका संरक्षण कार्यक्रम सिन्धुलीमा भने सातवटा स्थानीय तहमा मात्रै कार्यान्वयनमा आएको पाइएको छ । जिल्लाका नौ वटा स्थानीय तहमध्ये गोलञ्जोर र तीनपाटन गाउँपालिकामा यो कार्यक्रम कार्यान्वयनमा आएको भेटिएन । बाँकी सातवटा स्थानीय तहलाई भने प्रदेशको सामाजिक विकास मन्त्रालयले ससर्त अनुदानमार्फत यस कार्यक्रमका लागि बजेट पठाउँदै आएको पाइएको हो ।

सुनकोशी गाउँपालिकाले गत आर्थिक वर्ष प्रदेश सरकारबाट प्राप्त दुई लाख ४० हजार रूपैयाँ र पालिकाबाट थप ६० हजार रूपैयाँ आमाबाबुविहीन बालबालिकालाई वितरण गरेको तथ्यांक उपलब्ध गराएको छ । चालु आर्थिक वर्ष पनि उक्त कार्यक्रमका लागि दुई लाख ४० हजार रूपैयाँ बजेट प्राप्त भएको छ । यो वर्ष भने उक्त रकम खर्च हुने अवस्था देखिँदैन । गाउँपालिकाकी अध्यक्ष दिपा बोहोरा दाहालका अनुसार चालु आवमा तीन जना बालबालिकाको मात्रै निवेदन परेको छ । 'चालु आर्थिक वर्षमा आमा र बाबु दुवैको मृत्युदर्ता अनिवार्य हुनुपर्ने व्यवस्थाले तीन जनाको मात्रै निवेदन परेको छ,' उनले भनिन् ।

सुनकोशी गाउँपालिकाले आर्थिक वर्ष २०७७/७८ देखि नै आमाबाबुविहीन बालबालिकालाई भत्ता उपलब्ध गराउँदै आएको उनले बताइन् । आर्थिक वर्ष २०७७/७८ मा आठ जना, २०७८/७९ मा १० जना र २०७९/८० मा १० जना बालबालिकालाई भत्ता उपलब्ध गराइएको सुनकोशीले उपलब्ध गराएको विवरणमा उल्लेख छ । गाउँपालिकाको आफ्नै बजेटबाट आर्थिक वर्ष २०७८/७९ मा १३ जनालाई एकमुष्ट तीन हजार रूपैयाँ र आव २०७९/८० मा १२ जना बालबालिकालाई एकमुष्ट पाँच हजार रूपैयाँ प्रदान गरिएको पालिका अध्यक्ष दाहालले जानकारी दिइन् । साथै, यस प्रकारका बालबालिकालाई स्टेसनरी र ब्यागसमेत प्रदान गर्दै आएको उनले बताइन् ।

मरिण गाउँपालिकाले पनि आर्थिक वर्ष २०७८/८९ बाट आमाबाबुविहीन बालबालिकालाई भत्ता उपलब्ध गराउँदै आएको जनाएको छ । गत आर्थिक वर्षमा सामाजिक विकास मन्त्रालयबाट छ लाख रूपैयाँ बजेट प्राप्त गरेको मरिणले चालु आवमा पनि सोही बराबरको बजेट पाएको छ । मरिणले प्रतिबालबालिका मासिक दुई हजार रूपैयाँको दरले वितरण गर्दै आएको जानकारी दिएको छ । हालसम्म ११० जना आमाबाबुविहीन बालबालिकालाई भत्ता उपलब्ध गराएको तथ्यांक मरिण गाँउपालिकाले उपलब्ध गराएको छ ।

**तेल अभिभ, इजरायल–** इजरायली विदेश मन्त्रालयले शनिबार नुसिरातमा अपरेसनको क्रममा गाजामा हमासको बन्दीबाट चार जना बन्धकहरूको सफलतापूर्वक उद्धार भएको घोषणा गरेको छ । हमास लडाकु समूहले अक्टोबर ७ मा 'नोभा' संगीत महोत्सवमा चारै जनालाई बन्धक बनाएको थियो ।

इजरायली रक्षा बल, इजरायली सुरक्षा एजेन्सी र इजरायली प्रहरीको संयुक्त विज्ञप्तिमा अधिकारीहरूले मध्य गाजा पट्टीमा जारी विशेष अपरेसनमा चारजनालाई फेला पारिएको बताएका हुन् । 'शनिबार बिहान नुसिरातमा संयुक्त आइडिएफ, आइएसए र इजरायल पुलिस (यामाम)को संयुक्त अपरेसनमा हमासले बन्धक बनाएको नोआ अर्गामानी, अल्मोग मीर जान, आन्द्रे कोज्लोभ र स्लोमी जिभ गरी चार इजरायली बन्धकहरूलाई उद्धार गरिएको छ । उनीहरूलाई नुसिरातको दुईवटा छुट्टै स्थानबाट उद्धार गरिएको थियो,' विज्ञप्तिमा जानकारी गराइएको छ ।

इजरायली विदेश मन्त्रालयले सामाजिक सञ्जाल एक्समार्फत उक्त विज्ञप्तिलाई पुष्टि गर्दै सबै बन्धकहरू सुरक्षित रहेको र हाल अस्पतालमा सारिएको बताएको छ । 'उनीहरूको स्वास्थ्य अवस्था राम्रो छ र थप मेडिकल जाँचका लागि 'सेवा' तेल-हासोमर मेडिकल सेन्टरमा सारिएको छ। चारजनालाई हमास लडाकु संगठनले अक्टोबर ७ मा 'नोभा' संगीत महोत्सवबाट उनीहरूलाई अपहरण गरेको थियो,' मन्त्रालयले जानकारी गरायो ।

अक्टोबर ७ देखि गाजामा इजरायली सेनाको आक्रमणमा ३६ हजार ८०१ प्यालेस्टिनी मारिएका र ८३ हजार ६८० घाइते भएको र पछिल्लो २४ घण्टामा ७० जना प्यालेस्टिनी मारिएको र १५० जना घाइते भएको गाजाको स्वास्थ्य मन्त्रालयले जनाएको छ । *रासस/एएनआई*

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : WAJHAT AL MOZEN CONTRACTING EST.

पुर्व स्वीकृति मिति २०८१/०१/१२ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/२७ | LT. No. 303739 | चलानी नं. ६०२१८५६०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 17 | 0 | 1000 | ३५,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : MOBILE SUPPORT CONTRACTING CO.LTD.IS A ONE-PERSON COMPANY

पुर्व स्वीकृति मिति २०८०/०९/१२ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/२७ | LT. No. 297273 | चलानी नं. ६०२१२२७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver Heavy Equipment | 7 | 0 | 1000 | ३५,५५५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Heavy Truck Driver | 4 | 0 | 1800 | ६३,८०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार ३ गते (17th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १८५/०५७/०५८

**Kapeel Manpower Pvt. Ltd.**
P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal
Tel: 01-5451901, Fax: 977-1-5542407
Mobile: 9851324457, 9823299605 E-mail: kapeelmanpowerpvtltd@gmail.com
Website: www.kapeelmanpower.com.np

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL LAITH PROJECT SERVICES LLC

पुर्व स्वीकृति मिति २०८१/०२/२४ | LT. No. :305959 | चलानी नं. ६०२२०६८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolder | 120 | 0 | 1200 | ४३,८९८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: एभरेष्ट ट्रेनिङ सेन्टर काठमाडौंमा मिति: २०८१ असार ८ गते (22nd June 2024) मा हुनेछ ।
मोरङ, उर्लाबारी, निमा ट्रेनिङ सेन्टरमा मिति: २०८१ असार ९ गते (23rd June 2024) मा हुनेछ ।
धनुषा, गल्फ, गल्फ ट्रेनिङ सेन्टरमा मिति: २०८१ असार १० गते (24th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. २२७/०५८/५९

**JOBS CENTER PVT. LTD.**
(My Careers H.R. Solutions Pvt. Ltd.)
Bansbari, Kathmandu, Nepal, Tel: 01-015906752, 015906753, 014375876

# समुद्र बचाउन राष्ट्रसंघ प्रमुखको आग्रह



**संयुक्त राष्ट्रसंघ–** संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले शनिबार संकटग्रस्त समुद्रलाई बचाउने कदम चाल्न अन्तर्राष्ट्रिय समुदायसमक्ष आह्वान गरेका छन् । 'समुद्रले पृथ्वीका सबै जीवनलाई जोगाउँछ र बढाउँछ, तर हाम्रो समुद्र संकटमा छ र यसको दोषी हामी हौं,' महासचिव गुटेरेसले हरेक वर्ष जुन ८ मा मनाइने विश्व महासागर दिवसका लागि दिएको सन्देशमा बताए ।

गुटेरेसले 'बढ्दो समुद्रलाई उत्प्रेरित गर्ने जलवायु परिवर्तनले साना टापु, विकासोन्मुख राज्यहरू र तटीय जनसंख्याको अस्तित्वलाई खतरा पुऱ्याउनुका साथै हामी सबैलाई असर गर्ने चरम मौसम घटनाहरू पनि निम्त्याइरहेको छ,' गुटेरेसले बताए । उनले समुद्री अम्लीकरणले समुद्री जैविक विविधता र स्थानीय पर्यटनलाई जोखिममा पार्ने र अस्थिर तटीय विकास, अत्यधिक माछा मार्ने, गहिरो समुद्री खानी, अनियन्त्रित प्रदूषण, र प्लास्टिक फोहोरले विश्वभरका समुद्री पारिस्थितिक प्रणालीको विनास गर्ने जानकारी गराए ।

गुटेरेसले गत वर्ष जुनमा लागू गरिएको समुद्री कानुनसम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धिअन्तर्गतको 'राष्ट्रिय क्षेत्राधिकारभन्दा बाहिरका क्षेत्रहरूको समुद्री जैविक विविधताको संरक्षण र दिगो प्रयोग' महासन्धीलाई समुद्री शासनसम्बन्धी सबैभन्दा महत्त्वपूर्ण नयाँ सन्धिको रूपमा वर्णन गरेका छन् । यस वर्ष हुने 'भविष्यको शिखर सम्मेलन' र अर्को वर्ष फ्रान्समा हुने 'संयुक्त राष्ट्र महासागर सम्मेलन'का महत्त्वपूर्ण अवसरहरूको उल्लेख गर्दै गुटेरेसले सरकार, व्यवसाय, लगानीकर्ता, वैज्ञानिक र समुदायहरूलाई 'हाम्रो बहुमूल्य समुद्री र तटीय पारिस्थितिक प्रणालीको पुन:स्थापना र संरक्षण गर्न सक्ने कार्य गर्न प्रतिबद्ध हुन' आह्वान गरे । *रासस/सिन्ह्वा*

# गाजा क्षेत्रमा युद्धमा मारिनेको संख्या ३७ हजार ८४ पुग्यो

**प्यालेस्टिनी क्षेत्र–** इजरायल र प्यालेस्टिनीबीच आठ महिनाभन्दा बढीको युद्धमा गाजा क्षेत्रको ३७ हजार ८४ को मृत्यु भएको हमासद्वारा सञ्चालित गाजाको स्वास्थ्य मन्त्रालयले आइतबार जनाएको छ ।

नुसिरात शरणार्थी शिविरमा शनिबार इजरायली आक्रमणमा २७४ जनाको मृत्यु भएको छ भने जसमा चार बन्धकहरूलाई जीवित उद्धार गरिएको हो । अक्टोबर ७ मा युद्ध सुरु भएदेखि थप ८४ हजार ४९४ जना घाइते भएको मन्त्रालयले जनाएको छ । *रासस/एएफपी*

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AHMAD & BODOUR GENERAL TRADING CO

पूर्व स्वीकृति मिति : २०८०/०३/२५ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/२७ | LT. No. 289027 | चलानी नं. ६०२०४४०५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista (Coffee Maker) | 2 | 0 | 120 | ५१३४१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Chef (Meza, Bakery, Pastry) | 10 | 0 | 220 | ९४१२५ | | | | | | | |
| 3 | Cleaner Indoor (Kitchen And Tools, Building, Publ | 10 | 0 | 90 | ३८५०५ | | | | | | | |
| 4 | Cook (Commi, Asst. Chef, Preparer, Bakery, Pastry | 10 | 0 | 125 | ५३४८० | | | | | | | |
| 5 | Head Chef | 3 | 0 | 300 | १२८३५३ | | | | | | | |
| 6 | Kitchen Helper (Steward Restaurant Worker) | 10 | 0 | 120 | ५१३४१ | | | | | | | |
| 7 | Waiter / Waitress (Service Crew, Food Server) | 10 | 0 | 120 | ५१३४१ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार ३ गते (17th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1613/079/080

**EXPRESS RECRUITER NEPAL PVT. LTD**
Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897
E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : IBRAHIM RASHID AL- FAWZAN FOUNDATION FOR TRANSPORT

पूर्व स्वीकृति मिति: २०८१/०२/२७ | LT. No. 306091 | चलानी नं. ६०२२०७९७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Truck Driver | 4 | 0 | 1800 | ६४,४८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ALENJAZAT ALSAHLAH CONTRACTING EST.

पूर्व स्वीकृति मिति: २०८१/०२/२७ | LT. No. 306093 | चलानी नं. ६०२२०७९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Truck Driver | 2 | 0 | 1800 | ६४,४८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार ३ गते (17th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १७२/०५६/५७

**WORKFORCE SERVICES PVT. LTD.**
Sinamangal-09, Airport, Kathmadnu, Tel: +977-1-4569912, 4569913, 4569914
Email.:info@workforce.com.np, Web Site : wwww.workforce.com.np

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FAHD FAHD AL HAJRI CONTRACTING EST

पुर्व स्वीकृति मिति २०८१/०२/२७ | LT No. 306007 | चलानी नं. ६०२२०७९१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 10 | 0 | 1800 | ६४,४८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार ३ गते (17th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Permission No. 1676/080/081

**INTERPID RECRUITMENT SERVICES PVT. LTD**
Sinamangal-9, Kathmandu, Tel: + 977-1-4560530/4560531
Mail: info@interpidhr.com, Web: www.interpidhr.com,
Rudin Dahal: 9842749866
INTREPID LEARN ADAPT EVOLVE

## कतार/कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : GROUP 5 SECURITY SERVICES

पूर्व स्वीकृति मिति २०८१/०२/२७ | LT. No.306055 | चलानी नं.६०२२०८९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Clean Worker | 0 | 9 | 1000 | ३६,९०० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Security Guard | 7 | 0 | 1500 | ५५,३५० | | | | | | | |

कम्पनी : GROUP 5 SECURITY SERVICES

पूर्व स्वीकृति मिति २०८१/०१/१० | LT. No.304559 | चलानी नं.६०२१९३४६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | GUARD | 15 | 2 | 1500 | ५५,३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : GREENS RESTAURANT COMPANY.

पूर्व स्वीकृति मिति २०८१/०२/०४ | LT. No.305026 | चलानी नं.६०२१९७१६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Chef Assistant | 6 | 0 | 125 | ५४,७८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : KIDS AREA COMPANY FOR ENTERTAINMENT GAMES

पूर्व स्वीकृति मिति २०८१/०२/२७ | LT. No.306008 | चलानी नं. ६०२२०८२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Vendor/kids Play Attend/helper | 0 | 5 | 150 | ६५,७३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार ३ गते (17th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: नि:शुल्क कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Green Tara International Overseas Services Pvt. Ltd.** श्रम ईजाजत नं. १०१८/०६८/०६९
Damodar Marga,Jawalakhel, Lalitpur, Tel: +977-015442013/14
Email: greentara.overseas@gmail.com, Website : www.greentaraintl.com

## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५। लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। धुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेसनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेसनरी पसल - फोन नं. ९८५११२९६८६। ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेसनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि. - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिमचुली स्टेसनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मल: स्टेसनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोन: ०१-४२७६५३०, फ्याक्स:०१-४२७१३२२। दाजुभाइ स्टेसनरी - पिंगलास्थान, गौशाला, फोन: ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६१८९, हलफचाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेसनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १४१००० | प्रति तोला – १४०३०० | प्रति तोला – १८२५ |

## कमेरोटार आयोजना छिटो सम्पन्न गर्न स्थानीयको माग

**भक्तपुर (प्रस)–** भक्तपुरका स्थानीयले कमेरोटार जग्गा एकीकरण आयोजना छिटो सम्पन्न गर्न माग गरेका छन् । मध्यपुरथिमि-५ राधेराधेस्थित सङ्गम कोलोनीमा आयोजित आडाम्स ठिमीको २९औं वार्षिक साधारणसभामा कमेरोटारवासीले तीन वर्षमा सम्पन्न गर्ने भनेर सुरु गरेको आयोजना २१ वर्ष बितिसक्दा पनि अलपत्र पारेको भन्दै छिटो सम्पन्न गर्न माग गरेका हुन् ।

साधारणसभाको उद्घाटनमा प्रतिनिधिसभा सांसद एवं नेपाली कांग्रेस भक्तपुरका सभापति दुर्लभ थापाले आयोजना समयमै सम्पन्न नहुँदा थप आयोजना र विकास बजेटसमेत भित्र्याउन समस्या भइहरेको बताए । उनले खानेपानी, ढल र सडकको समस्या छिटो समाधान गर्नुपर्ने बताउँदै स्थानीयवासीले आयोजनाबारे मुद्दा हालेका कारण निर्माण ढिलाइ भएको जानकारी पाएको बताए । आयोजना उपभोक्ता समितिका अध्यक्ष एवं मध्यपुरथिमि नगरपालिकाका पूर्वप्रमुख मदनकृष्ण श्रेष्ठले ठेकेदारले धोका दिँदा सडक कालोपत्र गर्ने कार्य अलपत्र परेको बताए । नेपाली कांग्रेसका केन्द्रीय सदस्यसमेत रहेका उनले छिटो सडक कालोपत्र गर्न ठेकेदारलाई दबाब दिइरहेको र खानेपानीको समस्या समाधान गर्न काठमाडौं उपत्यका खानेपानी लिमिटेड भक्तपुरलाई जिम्मेवारी दिइएको बताए ।

आडाम्स ठिमीका अध्यक्ष एकराज भण्डारीले आयोजना अलपत्र पर्दा स्थानीयले वर्षौंदेखि हिलो, धुलो, पानीको अभाव खेप्नुपरेको गुनासो गरे । 'आयोजनापीडित केही व्यक्तिले हालेको मुद्दामा सर्वोच्चले गरेको फैसलालाई यहाँका बासिन्दाले स्वीकारेर बैंकमा पैसा जम्मा गर्न जाँदा आयोजना र नगरपालिकाले रोकेर उल्टै अर्को मुद्दा हालेको छ । यसले आयोजना निर्माणमा अवरोध भएको छ', उनले भने, 'आयोजनाअन्तर्गतको सडक कालोपत्र, खानेपानी, विद्युत्को समस्या समयमा समाधानमा गर्नुपर्ने र ढलको उचित व्यवस्थापनमा छिटो लाग्नुपर्छ । यसमा सबैको सहयोग आवश्यक छ ।'

कमेरोटार नगर विकास संयोजन समाजका अध्यक्ष इन्द्र श्रेष्ठले बस्ती विकासका लागि आयोजना समयमै सम्पन्न गर्नु अनिवार्य रहेको भन्दै यो वा त्यो बाहनामा आयोजनालाई लम्ब्याउन नहुने बताए । डा अशोक महासेठलगायतले आयोजनाले मुद्दाका कारण समस्या भएको भनेर भ्रम छर्ने काम गरिरहेको भन्दै आयोजनाका काम छिटो सम्पन्न गर्न दबाद दिनुपर्ने बताए ।

कार्यक्रमस्थलमा स्थानीय हातेमालो महिला समूहका सदस्यहरूले आयोजना छिटो सम्पन्न गर्नुपर्ने माग गर्दै आयोजना उपभोक्ता समूहका अध्यक्ष मदनकृष्ण श्रेष्ठको ध्यानाकर्षण गराएका थिए । त्यसअवसरमा निःशुल्क स्वास्थ्य शिविर एवं रक्तदान कार्यक्रमसमेत आयोजना गरिएको थियो । जनरल फिजिसिएन, स्त्री रोग विशेषज्ञ, दन्तरोग विशेषज्ञको टोलीले एक सय ५० भन्दा बढीको स्वास्थ्य परीक्षण गर्नुका साथै निःशुल्क औषधि वितरण गरिएको आडाम्स/ठिमीका अध्यक्ष भण्डारीले जानकारी दिए ।

# अल्लो र ढाका विदेश निर्यात बढ्दो

**गलेश्वर (म्याग्दी)–** जिल्लाका महिला उद्यमीले हाते तानमा बुनेर तयार पारेका अल्लो र ढाकाका कपडा विदेश निर्यात हुने गरेको छ । यहाँका महिलाले अल्लो र ढाकाबाट तयार पारेका टोपी, पछ्यौरा, रुमाल, पर्स, झोलालगायत सामग्री विदेश निर्यात गरी मनग्य आम्दानी गर्न थालेका हुन् ।

बेनी नगरपालिका-७ मङ्गलाघाटकी लीला पुनले अल्लो र ढाकाबाट टोपी, पछ्यौरा, रुमाल, पर्स, झोलालगायत विदेशमा पठाएर यस वर्ष रु १५ लाख आम्दानी भएको जानकारी दिए । उत्पादित कपडाको अष्ट्रेलिया, जापान, लण्डन, हङकङ, दक्षिण कोरिया, अमेरिकालगायत युरोपका देशबाट नियमित माग हुने गरेको उनको भनाइ छ ।

विदेशमा रहेका नेपालीको रोजाइमा ढाकाबाट बनेका विभिन्न किसिमका सामग्री पर्न थालेपछि महिला उद्यमी पुनलाई भ्याइनभ्याइ छ । स्वदेश तथा विदेशबाट आउने मागअनुसार उत्पादन गर्न नसकिएको भन्दै जिल्लाका अन्य उद्यमीबाट समेत खरिद गरी विदेश पठाउने गरेको उनले बताइन् । पुनले स्वदेशमाभन्दा धेरै विदेशमा बसोबास गर्ने नेपालीले बढी किन्ने गरेका जानकारी दिइन् । 'माग थेग्नै सकिँदैन, अहिले अल्लो र ढाकाबाट निर्मित सामग्रीलाई बजारको अभाव छैन', उनले भनिन् । उनले ग्राहकको रोजाइअनुसार ढाकाका कपडा तयार गर्न सकेमा घरमै खरिद गर्न आउने बताइन् ।

अठार वर्ष पहिला भकिम्ली हाल बेनी-३ बाट रोजगारीको खोजीमा सदरमुकाम बेनी आएकी पुन जिल्लाकै सफल उद्यमी बनेकी छिन् । विदेशमा ढाकाको कपडाको माग बढेसँगै आम्दानी समेत बढेको पुनको भनाइ छ । 'विदेशमा नेपाली उत्पादन भनेर प्रचारप्रसार भइरहेको छ, अहिले कोसेली दिन पनि अल्लो र ढाकाकै कपडाबाट बनेका सामग्री प्रयोग हुन्छन्', उनले भनिन् । पुनले मागअनुसारको उत्पादन नभएपछि जिल्लाका विभिन्न स्थानीय तहमा पुगेर नयाँ उद्यमीलाई सीप सिकाउँदै आएको जानकारी दिइन् । ढाकासँगै अल्लोका कपडा बिक्री गर्ने पुनले सीप, जाँगर र उद्यमीको परिचय दिन चाहनेलाई निःशुल्क तालिम दिने बताइन् ।

'पैतलादेखि शिरसम्म लगाउन मिल्ने कपडा हाते तानबाट बुन्दै आएको छु', पुनले भनिन्, 'तानमा बसेपछि समय बितेको पत्तै हुँदैन । अहिले प्रशिक्षणका लागि पनि माग आउने गरेको छ ।' अहिलेसम्म दुई हजारभन्दा बढी उद्यमीलाई अल्लो र ढाकाको प्रशिक्षण दिएको उनले जानकारी दिइन् । 'जिल्लामा अल्लो र ढाकाका कपडा बुन्न ३० जना उद्यमी सक्रिय छौँ । वार्षिक रु एक करोडभन्दा बढीका कपडा विदेश निर्यात गरिरहेका छौँ', उनले भनिन् ।

पुनबाहेक नेकसरा पुन, दिलु घताने, विष्णु गुरूङलगायतले ग्रामीण क्षेत्रका साथै विभिन्न स्थानीय तहमा पुगेर तालिम दिन थालेपछि उद्यमीको सङ्ख्या बढेको उद्यमी दिल घतानेले बताए । अल्लो र ढाकाको उत्पादन बिक्री गर्ने महिला आर्थिकरूपमा सम्पन्न हुँदै गएका उनको भनाइ छ । महिला उद्यमीका अनुसार वार्षिक रु एक करोडभन्दा बढी विदेशबाटै कमाइ हुने गरेको छ । बलियो, टिकाउ, जाडोमा न्यानो र गर्मीमा शीतल हुने भएकाले महँगो भए पनि अल्लो र ढाकाबाट उत्पादित वस्तुको माग बढ्दै गएको उनीहरूको भनाइ छ ।

जिल्लास्थित प्रवासी नेपाली सङ्घ (मोना) अन्तर्राष्ट्रियका कोषाध्यक्ष नरेन्द्र फगामीले विदेशमा रहेका म्याग्देलीले ढाका र अल्लोका कपडाको बजारीकरण तथा प्रयोगमा सघाइरहेका बताए । उनले अल्लोको कोटपाइन्ट, टोपी, सारीको प्रयोग गरी सार्वजनिक कार्यक्रममा सहभागिता जनाउने गरिएको जानकारी दिए ।

रोजगारी, पेसा र व्यवसायको सिलसिलामा विश्वका विभिन्न देश पुगेका म्याग्दीवासीले आफ्नो जन्मथलोको पहिचानका रूपमा अल्लो र ढाकाको कपडा प्रयोग गर्न थालेका हुन् । 'विदेशमा रहेका म्यादेलीले चाडपर्व र सभासमारोहमा ढाका र अल्लोबाट निर्मित कपडाको पहिरन प्रयोग गर्न थालेकाले यसको माग बढेको हो', उद्यमी पुनले भनिन् ।

उच्च पहाडी क्षेत्रमा पाइने अल्लो पुवालाई प्रशोधन गरेर बनाइएको धागो र ढाकाबाट साडी, सल, कुर्था, गलबन्दी, रुमाल, पर्स, चोलो, टोपी बनाउन सकिन्छ । यहाँको कला, सीप र पहिचानलाई अन्तर र्राष्ट्रियकरण गरी प्रवर्द्धन गर्न मोनाले सघाएको उद्यमीहरूले बताएका छन् ।

एक मिटर ढाका र अल्लोको कपडालाई रु छ सयदेखि रु एक हजार पर्दछ । एक जनाले एक दिनमा एक मिटरसम्म कपडा बुन्न सक्छन् । पहिला सादा कपडा बुन्दै आएका उद्यमीले पछिल्लो समय ग्राहकको मागअनुसार रङ्गीन र बुट्टेदार कपडासमेत बनाउन थालेका छन् । उद्यमीहरूलाई लघुउद्यम विकास कार्यक्रम, घरेलु तथा साना उद्योग विकास समिति, वन डिभिजन कार्यालय, गरिबी निवारण कोषलगायत निकायले सीपमूलक तालिम, औजार र प्रविधिको सहयोग गरिरहेका छन् । *रासस*

## कर्पोरेट

### गोकर्णेश्वर र कागेश्वरी मनोहरामा प्राइमका एक्स्टेन्सन काउन्टर



**काठमाडौं (प्रस)–** प्राइम कमर्सियल बैंक लिमिटेडले आफ्ना सेवाग्राहीलाई सहजता प्रदान गर्ने क्रममा आफ्नो संजाल विस्तार गरि दुई नयाँ एक्सटेन्सन काउन्टरको शुभारम्भ गरेको छ । बैंकले शनिबार गोकर्णेश्वर नगरपालिकाको हनुमान चोकमा स्थानीय उद्योगी, व्यवशायी, समाजसेवी तथा विभिन्न पेशाकर्मीहरूको उपस्थितिमा गोकर्णेश्वर नगरपालिका-४, का वडाअध्यक्ष जय राम महतले गोकर्णेश्वर एक्सटेन्सन काउन्टरको उद्घाटन गरे ।

यसैगरि, आइतबार कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर ३, भद्रवासमा पनि एक्सटेन्सन काउन्टरको शुभारम्भ गरेको छ । उक्त एक्सटेन्सन काउन्टरको उद्घाटन वडा नं. ३ का वडाअध्यक्ष राममणि पुडासैनीले स्थानीय उद्योगी, व्यवसायी, समाजसेवी तथा विभिन्न पेशाकर्मीको उपस्थितीमा गरेका छन् । उक्त समारोहमा बैंकका प्रमुख कार्यकारी अधिकृत संजिव मानन्धरले आफ्ना ग्राहकहरूलाई थप चुस्त, प्रविधिमैत्री र गुणस्तरीय सेवा प्रदान गर्ने प्रतिबद्धता जनाए । नयाँ २ एक्सटेन्सन काउन्टरसहित बैंकको शाखा संख्या १८९ र एक्सटेन्सन काउन्टर संख्या ५ पुगेको छ ।

### ग्लोबल आइएमई बैंकको 'डिजिटल युनिभर्स' सञ्चालनमा



**काठमाडौं (प्रस)–** ग्लोबल आइएमई बैंक लिमिटेडले विभिन्न स्वचालित डिजिटल बैंकिङ सेवाहरू प्रदान गर्ने गरी छुट्टै लाउन्ज 'डिजिटल युनिभर्स' सञ्चालनमा ल्याएको छ । आइतबार बैंकमा आयोजित एक विशेष कार्यक्रमबिच नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष तथा ग्लोबल आइएमई बैंक लिमिटेडका अध्यक्ष चन्द्रप्रसाद ढकालले चेक जम्मा गर्ने मेशिन, नगद जम्मा गर्ने मेशिन र एटीएम मेशिन जस्ता अत्याधुनिक मेशिनहरू रहेको डिजिटल युनिभर्सको उद्घाटन गरे ।

उद्घाटन समारोहमा बोल्दै अध्यक्ष ढकालले भने, 'डिजिटल युनिभर्सको सञ्चालनले डिजिटल बैंकिङलाई प्रवर्द्धन गर्दै आम जनतालाई डिजिटल कारोबार गर्न प्रोत्साहन गर्नुका साथै ग्राहकहरूलाई सरल र सहज बैंकिङ सेवा प्रदान गर्न सहयोग पुग्नेछ ।' उनले थपे, 'यो पहल ग्लोबल आइएमई बैंकको आफ्ना ग्राहकहरूलाई छिटो र सरल बैंकिङ सेवा प्रदान गर्ने निरन्तर प्रयासहरूको एक हिस्सा हो । हामीले आज लन्च गरको डिजिटल युनिभर्सको उद्देश्य अहिले विश्वव्यापीरूपमा भइरहेको डिजिटल बैंकिङतर्फको यात्रासँग मेल खान्छ ।' आजको युगमा डिजिटल बैंकिङको महत्व बढ्दै गएको छ । डिजिटल बैंकिङले ग्राहकहरूलाई आफ्नो अनुकूल समयमा सुरक्षित र सहज बैंकिङ सेवा उपलब्ध गराउँछ । ग्लोबल आइएमई बैंकको डिजिटल युनिभर्सले यस डिजिटल रूपान्तरणमा महत्वपूर्ण भूमिका खेल्नेछ ।

### पोखरामा समृद्धि फाइनान्सको निःशुल्क स्वास्थ्य शिविर



**काठमाडौं (प्रस)–** समृद्धि फाइनान्सले जेष्ठ २६ गते संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रम अर्न्तगत पोखरा शाखा कार्यालयद्वारा एकदिने निःशुल्क स्वास्थ्य परीक्षण र परामर्श शिविर सम्पन्न गरेको छ । पोखरा महानगरपालिका वडा ४ सहरी स्वास्थ्य केन्द्र र वडा ४ को विशेष सहयोग तथा पश्चिमाञ्चल डाइग्नोसिक एण्ड रिर्सच सेन्टरको प्राविधिक सहयोगमा वडा ४ मा भएको स्वास्थ्य जाँचमा २६४ जनाले निशुल्क सेवा लिएका छन् । निःशुल्क स्वास्थ्य जाँचमा वडा ४ का वडाध्यक्ष देवकृष्णा पराजुलीको प्रमुख आतिथ्यता रहेको थियो ।अतिथिहरूमा स्वास्थ्य सहरीकेन्द्रका पोखरा महानगरपालिका वडा ४ का सदस्य सुजन पौडेल, पश्चिमाञ्चल डाइग्नोसिक एण्ड रिर्सच सेन्टरका अध्यक्ष पुरुषोत्तम सुवेदी रहेका थिए । डा. अनुप बराल र डा. प्रतिभा तिमिल्सिनाले स्वास्थ्य जाँच गरेका थिए ।

नेपाल राष्ट्र बैंकबाट 'ग'वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको वित्तिय संस्था समृद्धि फाइनान्सले हाल तेह्र वटा शाखाहरू मार्फत नगद कारोवार, आर.टि.जि.एस, आइपीएस, कनेक्ट आइपीएस, रेमिटान्स, क्लियरिङ्ग लगायतका बैंकिङ्ग सेवा प्रदान गर्दै आएको छ भने मोवाइल बैंकिङ्ग, डेबीट कार्ड, क्यू.आर कोड आदि डिजिटल सुविधाहरू निःशुल्क प्रदान गरिरहेको छ ।

## नेप्से परिसूचकमा गिरावट




**काठमाडौं (प्रस)–** धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक पनि ओरालो लागेको छ ।

नेपाल स्टक एक्सचेञ्जका अनुसार, नेप्से परिसूचक चार दशमलव ५९ अङ्कले ओरालो लागेर दुई हजार ७३ दशमलव १९ मा सीमित भएको छ । ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक दुई दशमलव १५ अङ्कले ओरालो लागेर तीन सय ६८ दशमलव १८ मा सीमित भएको छ । एक करोड चार लाख ५२ हजार एक सय २८ कित्ता शेयर रु पाँच अर्ब १८ करोड ९० लाख ७९ हजार पाँच सय २२ मा कारोबार भयो । नेप्सेका अनुसार, इस्टर्न हाइड्रोपावर, शुभम पावर, सिटी होटल र कुर्थली बुखरी स्मल हाइड्रोपावरको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ । भगवती हाइड्रोपावरका लगानीकर्ताले नौ दशमलव ९९ प्रतिशतले कमाएका छन् ।

यस्तै बुद्धभूमि नेपाल हाइड्रोपावर १०, पोखरा फाइनान्स सात दशमलव १२, लक्ष्मी लघुवित्त ६ दशमलव ६१, माईखोला हाइड्रोपावर पाँच दशमलव ३४ तथा मिड सोलु हाइड्रोपावरका लगानीकर्ताले चार दशमलव ५२ प्रतिशतले गुमाएका छन् ।

## चिनियाँ पर्यटक बढ्ने होटल व्यवसायीको अनुमान

■ प्रभाव संवाददाता

**काठमाडौं–** होटल संघ नेपालले आगामी दिनमा चिनियाँ पर्यटकको आगमन बढ्ने अनुमान गरेको छ । संघले हालै चीनमा पर्यटन प्रवर्द्धन कार्यक्रम गरेको थियो । सो कार्यक्रम पश्चात चिनियाँ पर्यटकको संख्या दोब्बर हुन सक्ने संघले अनुमान गरेको हो ।

संघका अध्यक्ष विनायक शाहले पछिल्लो समय चीनमा भइरहेका प्रवर्द्धनात्मक कार्यक्रमले आगामी दिनमा चिनियाँ पर्यटक बढ्ने विश्वास व्यक्त गरे । 'चीनका विभिन्न सहरमा आयोजित नेपाल प्रवर्द्धनमा सहभागी चिनियाँ टुर अप्रेटर, पर्यटन व्यवसायीहरूको चासो र अग्रिम बुकिङ हेर्दा आगामी दिनमा चिनियाँ पर्यटक बढ्ने अनुमान गर्न सकिन्छ', अध्यक्ष शाहले भने । प्रवर्द्धन कार्यक्रमका दौरानमा नेपालको पर्यटन प्रवर्द्धनार्थ महत्वपूर्ण दुई पक्षीय सम्झौता पनि भएकाले चिनियाँ पर्यटकको आकर्षण बढ्ने उनको विश्वास छ । चीनमा नेपाल प्रवर्द्धन गरेर फर्किएको संघले चिनियाँ पर्यटक बढोत्तरीका लागि हवाई र सडक यातायात सेवा थप गर्न आवश्यक रहेको उल्लेख गरेको छ ।

चीनस्थित नेपाली राजदूतावास, छेन्दुस्थित नेपाली महावाणिज्यदूतको कार्यालय र नेपाल पर्यटन बोर्डको सहयोगमा आयोजित उक्त कार्यक्रममा नेपालबाट चीन भ्रमणमा गएका ७५ सदस्यीय नेपाली होटल प्रतिनिधिमण्डल र सयभन्दा बढी चिनियाँ पर्यटन व्यवसायीबीच बेइजिङ र छेन्दुमा छुट्टाछुट्टै कार्यक्रम भएको संघले विज्ञप्तिमार्फत जनाएको छ । चीनका लागि नेपाली राजदूत विष्णु पुकार श्रेष्ठ र छेन्दुस्थित महावाणिज्यदूत सुरेश राउतको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रमहरूमा नेपाल पर्यटन बोर्डले प्रस्तुतीकरण गरेको थियो । नेपाली प्रतिनिधिमण्डल र चिनियाँ पर्यटन व्यवसायीबीच 'बीटुबी' बैठक सम्पन्न भएको थियो ।

सन् २०२५ लाई भ्रमण वर्षको रूपमा मनाउने सन्दर्भमा सरकारले छिमेकी मुलुक चीनबाट पर्यटन प्रवर्द्धन गराउने कार्यक्रमलाई प्राथमिकता दिएको छ । चिनियाँ पर्यटकलाई लक्षित गरी सरकारले लुम्बिनीलाई 'बर्थिंग हब' र 'डेस्टिनेसन वेडिङ' को रूपमा प्रवर्द्धन गर्ने जनाएको छ । यही जेठ १९ गते चीन पुगेको होटल संघ नेपालका सातै प्रदेशका ७५ सदस्यीय व्यापार प्रतिनिधिमण्डल स्वदेश फर्किएका छन् ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ